जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक १९ • २०८० साल जेठ २५ गते विहीबार (8 June, Thursday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## भारी विवादबीच नेकां मुस्लिम संघको अधिवेशन




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको भातृसंगठन नेपाल मुस्लिम संघको जिल्ला अधिवेशनमा नेता विमलेन्द्र निधिले कडा विरोधको सामना गर्नुपरेको छ ।

जनकपुरधाममा बुधबार आयोजित नेपाल मुस्लिम संघ धनुषा जिल्लाको तेश्रो अधिवेशन उद्घाटन सत्रमा नेपाली कांग्रेसकै कार्यकर्ताहरुले अन्तरघाती मुर्दावाद, अवैध अधिवेशन रोक जस्ता नारा लगाउँदै विरोध गरे ।

गत आमनिर्वाचनमा संघका जिल्ला अध्यक्ष मो.ईब्राहिम राइनले धनुषाको निर्वाचन क्षेत्र नम्बर ४ मा कांग्रेसका उम्मेदवारलाई घात गरेको आरोपमा कारबाहीमा परेका छन् ।

गत सोमबार जनकपुरधाममा संघका धनुषा सभापति राइनले आयोजना गरेको अधिवेशनलाई कांग्रेसका मधेश प्रदेश सचेतकसमेत रहेका क्षेत्रीय सभापति कुमरकान्त झाको नेतृत्वमा गएको टोलीले अध्यक्षलाई लखेटेर भगाएर बिथोलेका थिए ।

अधिवेशन स्थलबाट लखेटिएका राईनले नेता निधिलाई प्रमुख अतिथि बनाएर विरोधका वावजुद अधिवेशन गरेका छन् । कांग्रेस भित्रको विवाद मुस्लिम संघमा छताछुल्ल भएको छ ।

उनीमाथि निर्वाचनको एक दिन नेकपा एमालेको प्रचारप्रसारमा सहभागी भइ अनुशासन विपरीत काम गरेको आरोप लगाइएको छ ।

विभिन्न आरोपका वावजुद उनले जवर्जस्ती नेता निधिको आडमा अधिवेशनको उद्घाटन सत्र सम्पन्न गरेका छन् ।

निधि निकट नेताहरुले भने सीमित संख्यामा विजातियहरुले प्रायोजित ढंगले अधिवेशन विथोल्न गरेको प्रयास सफल नभएको दाबी गरेका छन् । उनीहरुलाई संघका नेता, कार्यकर्ताहरुले कार्यक्रम स्थलबाट धपाएको दाबी गरिएको छ ।

उद्घाटन सत्रमा नेता निधि , प्रदेश सभासद रामसरोज यादव, नेकां धनुषा सभापति योगेन्द्र पजियार, जनकपुरधाम उपमहानगरका उपप्रमुख किशोरी साह लगायतका नेताहरुको सहभागिता रहेको थियो ।

नेता निधिले पार्टीमा अन्तरघातीहरुलाई प्रश्रय दिएको आरोप लगाउँदै सहमहामन्त्री महेन्द्र यादवले पार्टीका इमान्दार नेता कार्यकर्ताहरुको चाहना अनुरुप जिल्ला अधिवेशन हुने बताए ।

जिल्लामा निधि र यादव दुई खेमामा देखिए पनि केन्द्रमा दुबै संस्थापन पक्षमा नै रहेका छन् । मुस्लिम संघको अधिवेशनलाई नेकां धनुषाले मान्यता दिए पनि मधेश प्रदेश समितिले मान्यता नदिने बताइएको छ ।

# प्रदूषित सिर्सिया नदीप्रति उदासीन मेयर

## नदी सफाइ अभियानीहरुको धर्नामा गृहमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । वीरगञ्जको सिर्सिया नदीलाई प्रदूषण र अतिक्रमण मुक्त गर्न माग गर्दै धर्नामा बसेकाहरुलाई उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले माइतीघर मण्डलामा भेटेर कार्यदल गठन गर्ने आश्वासन दिएका छन् ।

सिर्सिया नदी वीरगञ्जवासीका लागि छठलगायतका पवित्र धार्मिक पर्व त्यौहारका लागि अत्यन्त महत्वपूर्ण रहेको छ । तर वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहको उद्योगीहरुसितको मिलेमतोको कारण नदी प्रदूषणमुक्त हुन सकेको छैन् ।

नदीको पानी बोतलमा बोकेर काठमाण्डु पुगेका अभियन्ताहरुले माइतीघरमा धर्ना दिँदै आएका थिए ।

धर्नास्थलमा बुधबार पुगेका मन्त्री श्रेष्ठले चुरे तथा वातावरण संरक्षण र प्रदूषण नियन्त्रण सरकारको पनि एजेण्डा भएको बताए ।

'यो हाम्रै एजेण्डा हो, तपाईहरुले घचघच्याएर बल दिनुभएको छ' उनले भने, यसको समाधान गरेर हामी अगाडि बढ्छौं ।'

अभियन्ताहरुले भने लिखित प्रतिबद्धता आउनुपर्ने माग गरेका छन् । उपप्रधानमन्त्री श्रेष्ठले यसबारे आफूले सम्बन्धित मन्त्रालयहरुलाई भनिसकेको भन्दै सम्वाद गरेर टुंग्याउन आग्रह गरे ।

बाराको जितपुरसिमरा उपमहानगरपालिका-२३ हेट टोलका



वासिन्दा दिनहुँ उक्त नदीमा नुहाउँछन् । तर, त्यही नदी डेढ किलोमिटर मात्र तल वीरगञ्ज महानगरपालिका-२१ परवानीपुर पुग्दा नाकै थुन्नुपर्ने गरी प्रदूषित छ ।

वीरगञ्ज क्षेत्रका उद्योग तथा कलकारखानाबाट निस्कने फोहोरमैला, रसायनयुक्त झोल र ढल नदीमा सोझै मिसाउने प्रवृत्तिका कारण सिर्सिया अत्यधिक प्रदूषित बनेको अभियन्ताहरुको कथन छ ।

'पर्यावरणीय दृष्टिकोणलेसमेत नदी संकटमा छ ' अभियन्ता सरोज रायले भने, छाला, मासु, टेक्स्टाइल, फर्मास्युटिकल्सलगायत उद्योगबाट निस्केको त्यस्ता फोहोर पानीले सिर्सियालाई दुर्गन्धित बनाएको छ ।

नदी नजिकै परवानीपुरका स्थानीय सब्दर हुसैन उद्योगले पानी प्रशोधन यन्त्र राखे पनि त्यसको प्रयोग भएको नपाएको बताए ।

'यस क्षेत्रमा बस्नै गाह्रो छ,' हुसैनले भने, 'उद्योगको पानी सोझै खोलामा मिसिएकाले गन्हाउने गरेको छ ।'

सिर्सिया नदी प्रदूषणले सांस्कृतिक रूपमा पनि असर पारेको अभियानीहरु बताउछन् । मधेशको मुख्य चाड छठ पर्वमा व्रतालुलाई नदी प्रदूषणले दिक्क पार्छ । छठ व्यवस्थापन समितिहरूले स्थानीय प्रशासनलाई प्रदूषण नियन्त्रणका लागि पहल गरिदिन अनुरोध गर्छन् । प्रशासनको निर्देशनमा २/३ दिन मात्र उद्योग बन्द गर्दा पनि नदीको पानी केही मात्रामा भए पनि सफा बग्ने गरेको छ । छठ सकिएलगत्तै फेरि कालो लेदोसहितको पानी बग्ने नियति दोहोरिन्छ ।

बिना प्रशोधन औद्योगिक फोहोरजन्य पदार्थ, विभिन्न रसायनयुक्त पानी र शौचालयका ढल सोझै नदीमा जोड्ने प्रवृत्तिले विगतको पवित्र सिर्सिया नदीमा अहिले कालो, बाक्लो र दुर्गन्धित लेदो बग्ने गरेको छ। अत्यधिक प्रदूषणका कारण सिर्सियाको पानीमा अक्सिजनको मात्रामा कमी भइ जलचक्र प्रणालीमासमेत चुनौती थपेको छ।

'ठूलठूला उद्योगीहरुको आर्थिक प्रभावको कारण मेयरलगायत अधिकारीहरुले कुनै चासो देखाउँदैनन्' अभियानी रायले भने, सिर्सिया नदी प्रदूषणमुक्त नहुनुको कारण आर्थिक चलखेल प्रमुख रहेको छ ।


गत वर्ष छठ पर्वको बेला ठूलाठूला गफ दिएका मेयर सिंहले राम्रै आर्थिक लाभ लिएर चुप लागेको स्थानीयहरुको आरोप छ ।सार्वजनिक जग्गा अतिक्रमण हटाउन निजी भवन भत्काउन सक्ने मेयरले सिर्सिया नदीलाई प्रदूषित बनाउनेलाई किन कारबाही गर्दैनन् ? स्थानीयहरु प्रश्न गर्छन् ।

सिर्सिया नदीलाई स्वच्छ बनाउन वरिपरिका उद्योगहरुले सोझै बगाउने ढल र प्रदूषित पानीलाई रोक्न उपकरण र पोखरी बनाउन खर्च गर्नुपर्ने हुन्छ । उद्योगीहरुले पानी प्रशोधनमा पुँजी नलगाई सोझै मेयर र अधिकारीहरुलाई नगद बुझाएर थामथुम पार्ने गरेको स्थानीयहरुका आरोप छ ।






# जल प्रकोप उद्धार अभ्यास



**टुडे समाचारदाता**

मलंगवा । मधेश प्रदेशस्तरीय जल उत्पन्न प्रकोप उद्धार संयुक्त अभ्यास रौतहटको ननुथर स्थित बागमती नदीमा सम्पन्न भएको छ ।

बुधबार सर्लाही, रौतहट, मकवानपुर र सिन्धुलीको संगम मानिने नुनथरस्थित बागमती नदीमा प्रदेशका तीन वटै सुरक्षा निकायले संयुक्त उद्धार अभ्यास गरेका छन् ।

कृत्रिम रुपमा विपद्को अवस्था सृजना गरी पीडितहरूको उद्धार र व्यवस्थापनका नमुना क्रियाकलाप गरिएको थियो ।

नमुना अभ्यासमा बाढी तथा ढुवानीमा परेका पीडितहरूको उद्धार, व्यवस्थापन, मानवीय, भौतिक तथा मानसिक क्षति व्यवस्थापन, राहत वितरण लगायतका कार्यको प्रदर्शनी गरिएको थियो ।

विपद्को समयमा गरिने उद्धार, उनीहरूको स्वास्थ्य उपचार तथा राहत वितरण लगायतको गतिविधि पूर्व तयारी अभ्यासमा समेटिएका छन् ।

नेपाल सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको उद्धारकहरूले बाढीमा बगेका, नदीमा बेपत्ता भएकाहरूको बोट, मोटरबोट, लिफ्टिङ, जिपलाईन लगायतको प्रविधिको प्रयोगबाट उद्धार गरेका थिए । भने, विपद्को समयमा स्थानीय स्तरमा पाइने बोटल, ड्रम लगाएको सामग्रीको प्रयोगबाट पानीमा तैरिने विधि समेत प्रदर्शन गरिएको छ ।

मधेश प्रदेशका मुख्य मन्त्री सरोज कुमार यादवको प्रमुख आतिथ्यतामा सम्पन्न अभ्यासमा सशस्त्र प्रहरीले गोताखोर अभ्याससमेत प्रदर्शन गरेको थियो ।

अभ्यास कार्यक्रममा मुख्यमन्त्री यादवले प्रदेश सरकारले मधेशमा हुने प्रकोप जन्य विपद् व्यवस्थापनमा विशेष ध्यान दिएको बताए ।

उनले सरकारको सुरक्षा निकायलाई आवश्यक विभिन्न उपकरण उपलब्ध गराउने योजना रहेको समेत जानकारी दिए ।

यस प्रदेशमा धेरै विपद्को जोखिम रहने गरेको बताए । गर्मीमा लु, जाडोमा शीत लहर र वर्षातमा बाढी र डुबानको जोखिम उच्च रहेको उनले बताए ।

कोशी, कमला, बागमती, बकैया नदीले यस प्रदेशमा वर्षेनि धेरै जनधनको क्षति पुऱ्याउने गरेको प्रसंग उल्लेख गरे ।

यस्ता प्रकोपबाट हुने जनधनको क्षति रोक्न प्रदेशको क्षमता अनुसार बजेट व्यवस्थापनको लागि प्रदेशको गृह मन्त्रालय अन्तर्गत गृह सचिवलाई निर्देशन दिएको उनले बताए ।

सुरक्षा निकायले प्रदर्शनीमा राखेका उद्धारका सामग्रीको समेत मुख्यमन्त्री यादवले अवलोकन गरेका थिए ।

कार्यक्रममा तीनवटै सुरक्षा निकायका प्रदेश प्रमुखहरूको समेत सहभागिता रहेको थियो । कार्यक्रममा विभिन्न पाटीका जनप्रतिनिधि उपस्थिति पनि रहेको थियो ।

# एन्टिबायोटिक औषधिको प्रयोगले महामारीको खतरा




**टुडे समाचारदाता**

जनकपुरधाम। एन्टिबायोटिक औषधिको अनावश्यक प्रयोगले जनस्वास्थ्यमा ठूलो महामारीको खतरा रहेको एक कार्यक्रमका वक्ताहरुले औंल्याएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मधेश प्रदेशको आयोजना तथा युएसएडको आर्थिक सहयोगमा बुधबार जनकपुरधाममा आयोजित एन्टीबायोटिकप्रतिरोधसंवेदनशीलता विषयक कार्यशालाका वक्ताहरुले सो खतरा औंल्याएका छन् ।

कार्यक्रममा मन्त्रालयका सचिव डा.प्रमोद कुमार यादवले शिक्षाको अभावमा टाउको दुख्ने वित्तिक्कै पनि एन्टिबायोटिक औषधि खाइहाल्नु पर्ने प्रवृति बढेर गएको बताउँदै भने,'नेपाल देश नै एन्टिबायोटिक औषधिको अत्यधिक दुरुपयोग हुने मुलुक मध्येको एक छ । र एन्टिबायोटिकको अनावश्यक प्रयोग कम गर्न सकिएन भन्ने भविष्यमा यसले महामारीकै रुपमा देखा पर्नेछ।'

न े पा ल मेडिकल काउन्सिल लगायतका सरकारका निकायहरुबाट स्पष्ट रुपमा निर्देशित नियमअनुसार पनि कसैले एन्टिबायोटिक चलाउने नचलाउने कतिमात्रामा दिने लगायतको निर्देशन स्पष्ट भए पनि यसको अशिक्षा र गरिबीका कारण एन्टिबायोटिक बिरामी आफैले पनि पसलबाट किनेर खाने गरेको दुर्भाग्यपूर्ण स्थिति रहेको उनले जिकिर गरे ।

केही वर्ष यतादेखि देशभरिकै सार्वजनिक स्वास्थ्यको दृष्टिकोणले महत्वपूर्ण रोगका किटाणुहरुमा उच्च प्रतिरोध दर बढेको देखिएको जानकारी दिँदै उनले भने,'एंटीबायोटिक औषधिको अनावश्यक प्रयोगका कारण विश्वभरिमै औषधिको प्रतिरोधको दरमा पहिले भन्दा वृद्धि भएको छ।'

कार्यक्रममा युएसएडका डा.विवेका श्रेष्ठले रोगाणुरोधीप्रतिरोधकुनैपनिसुक्ष्मजीव (बैक्टेरिया,वायरस,परजीवी)ले हुने उपचारको लागि प्रयोग गरिने एन्टीमाइक्रोबियल औषधिहरु ( एंटीबायोटिक्स, एंटीफंगल, एंटीवायरल, एंटीमाइरियल और एंटीहेलमिंटिक्स) विरुद्ध प्रतिरोध उत्पादन गर्ने गरेको जानकारी दिए ।

एन्टीबायोटिक औषधि एक पटक पटक खाँदा पनि त्यसको मात्रा बढाउनुपर्ने सामान्य सिद्धान्त रहेको बताउँदै उनले भने,'एन्टीबायोटिक औषधिको व्यापक र अनियन्त्रित प्रयोगले बैक्टेरिया वायरसहरुमा प्रतिरोध गर्ने क्षमतामा वृद्धि भएर भविष्यमा ठूलो महामारी नै नहुने भन्न सकिन्न।'

विश्व स्वास्थ्य संगठनले वैश्विक स्वास्थ्यको लागि मुख्य दश वटा खतरा मध्ये एउटा खतराको रुपमा अंकित गरेको जानकारीसमेत उनले दिए ।

त्यस्तै,चौपाया तथा मासुहरुमा प्रयोग गरिने एन्टीबायोटिक मानव स्वास्थ्यको लागि हानिकारक मात्र होइन विभिन्न रोगको जननी समेत बन्दै गएकोले एन्टीबायोटिक औषधिको अनावश्यक प्रयोगमा लगाम लगाउनु अनिवार्य भएको डा.श्रेष्ठले प्रष्ट पारे ।

कार्यक्रममा जनकपुरधामका दुई दर्जन भन्दा बढी पत्रकारहरुको सहभागिता रहेको थियो । सो कार्यशाला समापन कार्यक्रममा सहभागी संचारकर्मीहरुलाई प्रमाणपत्रसमेत वितरण गरिएको थियो ।

# सदभाव र सुबाशलाई तीन स्ट्रोकको अग्रता




**टुडे समाचारदाता**

काठमाण्डु । सूर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गत अन्तिम प्रतियोगिता, सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपको दोस्रो दिन दुई एमेच्योर खेलाडी सदभाव आचार्य र सुबाश तामाङ संयुक्तरुपमा शीर्षस्थानमा रहेका छन्।

गोकर्ण गल्फ क्लबमा सदभाव र सुबाशले ३६ होलको समाप्तीमा समग्रमा ९-अन्डर १ सय ३५ को स्कोरमा नीरज तामाङ र शुक्र बहादुर राईलाई तीन स्ट्रोकले पछि पारेका छन्।

गोकर्ण गल्फ क्लबमा आज राष्ट्रिय टिमका खेलाडी सदभावले ७-अन्डर ६५ को उत्कृष्ट स्कोर कार्ड बनाउँदै शीर्षस्थानमा उक्लिए। सुबाशले भने इभन-पार ७२ मा दोस्रो दिनको खेल सकाउँदा शीर्षस्थान बाँडे।

दिनकै उत्कृष्ट कार्ड बनाउने क्रममा नीरज तामाङले ८-अन्डर ६४ को स्कोर बनाए। यो स्कोरमा नीरज र डिफेन्डिङ च्याम्पियन शुक्र बहादुर राईले संयुक्तरुपमा तेस्रो स्थान बाँडे। शुक्रले ५-अन्डर ६७ मा दोस्रो दिनको खेल सकाए। दुवैले समग्रमा ६-अन्डर १ सय ३८ स्कोर गरे।

४-अन्डर १ सय ४० सहित भुवन नगरकोटी र तोरण विक्रम शाही संयुक्तरुपमा पाँचौ स्थानमा छन्। भुवनले ४-अन्डर ६८ र तोरणले इभन-पार ७२ स्कोर गरे।

यसैगरी जयराम श्रेष्ठ र शिवराम पौडेल संयुक्तरुपमा सातौं स्थानमा छन्। दुवैले आज इभन-पार ७२ को कार्ड बनाए।

समग्रमा २-अन्डर १ सय ४२ सहित सुर्य प्रसाद शर्मा नवौं स्थानमा छन्। आज उनले २-अन्डर ७० स्कोर गरे। इभन-पार ७२ सहित समग्रमा १-अन्डर १ सय ४३ सहित दिनेश प्रजापति दशौं स्थानमा छन्।

३६ होलको समाप्तीमा ७-ओभर १ सय ५१ स्कोर गर्ने २३ प्रोफेसनल गल्फर र ६ एमेच्योर गरी २९ खेलाडीले कट बनाएका छन्। प्रोफेसनलतर्फ रबि खड्का, राजेन्द्र थापा मगर, रामकृष्ण श्रेष्ठ, कमल तामाङ, भुवन कुमार रोक्का, धन बहादुर थापा, दल बहादुर गुरुङ, रामे मगर, पुर्ण प्रसाद शर्मा, भुबहादुर गुरुङ, टासी घले, दीपक मगर, टंक बहादुर कार्की, दीपक न्यौपाने र बलभद्र राईले अन्तिम ३६ होलको लागि स्थान सुरक्षित गरे।

एमरच्योरतर्फ टासी छिरिङ तेस्रो स्थानमा छन्। उनले २-अन्डर ७० सहित समग्रमा १ सय ४४ स्कोर गरेका छन्। यसैगरी वाङ्चेन ढोन्डुप, भरत थापा मगर र प्रज्वल गुरूङ सहित ६ एमरच्योर खेलाडीले पनि कट बनाए।

युवा एमेच्योर सदभावले दिनको सुरूवात बर्डीबाट गरे। यसपछि तेस्रो देखि छैटौं होलसम्म लगातार चार होल र नवौं होलमा एक-एक सट बचाए। सातौं होलको बोगीले फ्रन्ट नाइन ५-अन्डर ३१ मा पुरा गरे। त्यसपछि १३औं र १५औं होलमा बर्डी प्रहार गर्दै ब्याक नाइन २-अन्डर ३४ मा सकाए।

पहिलो दिनका लिडर तथा नेपाल नम्बर एक एमेच्योर खेलाडी सुबाशले फ्रन्ट नाइन १-अन्डर ३५ मा सकाउने क्रममा पहिलो, तेस्रो र सातौं होलमा बर्डी प्रहार गरे। छैटौं र आठौं होलमा एक-एक सट खेर फाले। १२औं होलमा बर्डी प्रहार गरे पनि १४औं र १८औं होलमा बोगी खेपे। ब्याक नाइन १-ओभर ३७ मा सकाए।

# वडाध्यक्ष पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सप्तरीका एक वडाध्यक्ष घुस रकमसहित पक्राउ परेका छन् ।

जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिका वडा नम्बर-५ का वडाध्यक्ष सब्दुल मियाँ ५० हजार रुपैयाँ घुससहित पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले उनलाई हिरावती आधारभूत विद्यालय बकधुवाको निर्माणाधीन भवनको वडा कार्यालयबाट निर्माण सम्पन्न भएको सिफारिस दिन घुस लिएको आरोपमा पक्राउ गरेको जनाएको छ ।

घुस लिएलगत्तै आयोगको इटहरी कार्यालयबाट खटिएको टोलीले उनलाई विद्यालयबाटै पक्राउ गरेको जनाइएको छ ।

# बर्दिबासमा बस दुर्घटना ८ जना घाइते

**टुडे समाचादाता**

बर्दिवास।महोत्तरीकोबर्दिबास ११ पूर्वपश्चिम राजमार्गको शिव चोकनजिक काठमाण्डुबाट राजविराजतर्फ जाँदै गरेको ना ६ ख १८८२ नं को शिव शक्ति बस बुधबार दुर्घटना हुँदा ८ जना घाइते भएका छन् ।

प्रहरीका अनुसार घाइते हुनेमा सप्तरी नर्वे ३ का ३० वर्षीय फूल कुमार पासवान, सिरहा नरहा १ का २४ वर्षीय नागेश्वरी महतो, कल्याणपुर ६ का ४५ वर्षीय डोमा दास, कर्जनाहा ३ का २१ वर्षीय रामबिनय दास, २० वर्षीय मन्दिप महतो, २१ बर्से मिथलेस दास र सिराहा गोलबाजार ६ का २७ वर्षीय राजु सदा रहेका छन् ।

घाइतेहरूलाई बर्दिवास स्थित ट्रमा सेन्टर भर्ना गरिएको छ ।

बर्दिबासस्थित इलाका प्रहरीका अनुसार सडक छेउमा बिग्रिएर बसेको प्रदेश २-०१-००१ ख ०२२१ नं को ट्रकमा ठोकिदा दुर्घटना भएको छ । बसमा रहेका २२ यात्रु मध्ये अन्यको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

# ३ सय ९१ किलो गाँजा बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा लागूऔषध सेवनकर्ता (दुर्व्यसनी)हरुको संख्या दिन प्रतिदिन बढ्दै गएको छ ।

आर्थिक वर्ष २०७९/०८० को बैशाखसम्म धनुषा प्रहरीले ७९ जनालाई लागूऔषध मुद्दामा पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख विश्वराज खड्काका अनुसार पक्राउ परेका मध्ये २१ जनालाई साधारण तारिकमा छोडिएको छ भने ५८ जनामाथि मुद्दा चलाइएको छ ।

सो अवधिमा प्रहरीले पक्राउ परेकाहरुसंग ठूलो परिमाणमा लागूऔषधसमेत बरामद गरेको छ। आव ०७९/८०को साउनदेखि बैशाखसम्म ३ सय ९१ किलो गाँजा,४ हजार ३ सय ४६ वटा नाइट्रोभेट ट्याब्लेट,३ सय २२ वटा स्पास्मो ट्याब्लेट,३ सय वटा नाइट्रोसन,२५ किलो भाँग,कोडीन फस्फेट एन्ड क्लोरफेरिमाइन नामक ६ बोतल लागूऔषध,कोल्ड्वेल सिरप ६ बोतल लगायतको लागूऔषधहरु बरामद गरिएको उनले बताए ।

पक्राउ परेका मध्ये अधिकांश युवाहरु रहेको बताउँदै प्रहरी उपरीक्षक खड्काले भने ,'हामीले पक्राउ गर्न त दिनहुँ एक दुई जना दुर्व्यसनीलाई समात्छौं तर खाएकै भरमा मुद्दा नै लगाउनु क्यारियरमा नै समस्या हुने गरेकोले खाँदै गर्दा पक्राउ पर्दा सम्झाई बुझाई गरी अभिभावकको जिम्मा लगाउने गरेका छौं।'

दुर्व्यसनमै लागेकाहरुलाई थुनुवा भन्दा पनि सुधार केन्द्रमा राखेर सुधारको बाटोमा अघि बढ्ने सल्लाह उनी दिन्छन् ।

बढ्दो लागूऔषध दुर्व्यसनले समाजमा भयावह अवस्था रहेको बताउँदै यसको न्यूनीकरणका लागि सबै पक्षको हातेमालो आवश्यक रहेको उनले बताए ।

लागूऔषध विरुद्ध समय समयमा सामुदायिक प्रहरी कार्यक्रम अन्तर्गत जनचेतनामूलक अभियान संचालन भए पनि प्रहरी एक्लैको प्रयासले लागूऔषध नियन्त्रण गर्न नसकिने खड्काले प्रष्ट्याए ।

# कानुन बनाउन मुख्यमन्त्रीलाई ज्ञापन



**टुडे समाचारदाता**

जनकपुरधाम । वातावरण एवम् जलवायु परिवर्तनको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा विशेषज्ञसेवा पुर्‍याउने उद्देश्यले स्थापित संस्था डव्लुसीइएलले मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवलाई ज्ञापनपत्र बुझाएका छन् ।

संघ, प्रदेश र स्थानीय तहको वातावरण सम्वद्ध कानुनहरुको अध्ययन तथा पुनरावलोकन गर्दा अन्य प्रदेशहरुबाट वातावरण ऐन जारी भइसकेको तर मधेश प्रदेशबाट हालसम्म पनि बातावरण संरक्षण ऐन जारी नभएको भन्दै ऐन निर्माण गर्नुपर्ने माग गरिएको संस्थाका नेपाल चेप्टरका अध्यक्ष डा. रवि शर्मा अर्यालले जानकारी दिएका छन् ।

संघ सरकार र मधेश प्रदेश बाहेकका प्रदेशहरुले सो ऐन बनाइ सकेको तर, मधेश प्रदेश सरकारले ऐन बनाउन नसकेका कारण हामीहरुले मुख्यमन्त्री यादवलाई ध्यानाकर्षणसहित ज्ञापनपत्र बुझाएको अध्यक्ष शर्माले जानकारी दिए ।

वातावरणीय ह्रास र यसबाट हुने जनधनको क्षतिको बारेमा यकीन रुपमा पूर्वानुमान गर्न कठीन रहेको र यसले आज बाँचिरहेका पुस्तालाई मात्र नभएर आगामी पुस्ताहरुको सम्मानपूर्वक बाँच्न पाउनुपर्ने अधिकारसमेतमा असरपुर्‍याउनेहुनालेदशकौअघिदेखि नै विश्वस्तरमै गम्भीर रुपमा यसको चिन्तन मनन हुँदै आइ रहेको अध्यक्ष डा. शर्माद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

वातावरणसंग सम्वन्धित रहेका मुद्दा अव राष्ट्र राज्यका एक क्षेत्राधिकार भित्रमात्र सीमित नरही यो अन्तर्राष्ट्रिय चासो र सरोकारको विषयका रुपमा स्थापित भइरहेको जारी विज्ञप्तिमा दाबी गरिएको छ ।

वर्तमान अवस्था एवम् विश्वका हरेक मानवले बाँच्ने पृथ्वी एउटै छ र हाम्रो शेषपछि पनि आगामी सन्तत्तिलाई यो सुरक्षित रुपमा हस्तान्तरण गर्नुपर्छ भन्ने मान्यता आज भन्दा ३० बर्ष अघि सन् १९९२ मा ब्राजिलको रियो डे जेनियरमा सम्पन्न पृथ्वी सम्मेलनले स्थापित गरी सकेका कारण मधेश प्रदेशमा समेत यस विषयलाई प्राथमिकता दिइयोस सो विज्ञप्तिमा उल्लेख छ ।


## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : धन बृद्धि सञ्चय । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कृषि थोक बजारको शिलान्यास

**टुडे समाचारदाता**

वीरगंज । वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ नगवामा कृषि बजारका लागि सेड निर्माण कार्यको बुधबार एक कार्यक्रमका बीच सांसद प्रदीप यादव र वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले संयुक्त रुपमा शिलान्यास गरेका छन् ।

वीरगञ्ज तथा बार ा,पर्साका किसानहरूले उत्पादन गर्ने फलफूल, तरकारी, खाद्यान्नलगायत कृषि उपज बिक्री वितरणका लागि नगवामा थोक कृषि बजार स्थापना गर्न मधेश प्रदेश सरकारको सहयोगमा ३ करोड रुपैयाँको लागतमा सेड निर्माण कार्य शुरु भएको छ । कार्यक्रममा सांसद यादवले अन्न भण्डारको रुपमा रहेको बारा, पर्सामा कृषि क्षेत्रको व्यवसायीकरण भए पनि व्यापारीकरण नभएको अवस्थामा प्रदेश सरकारको सहयोगमा थोक कृषि बजारका लागि सेड निर्माण गरिन लागेकोमा खुशी व्यक्त गरे ।



सो अवसरमा वीरगञ्ज महानगरपालिका नगर प्रमुख सिंहले नगवा क्षेत्र वीरगंजकै कृषिको केन्द्र भएको र नगवामा थोक कृषि बजार स्थापना गर्ने आफ्नो सपना शिलान्यास सँगै पूरा हुन लागेको बताए ।

कृषिको बजारीकरण र व्यवसायीकरण नाराले मात्रै सम्भव नरहेको बताउँदै नगर प्रमुख सिंहले त्यसका लागि किसानहरूलाई कृषि औजार, मल खाद्यमा अनुदान, बीउ, सिँचाइको व्यवस्था गरी प्रोत्साहित गर्नुपर्ने कुरामा जोड दिए ।

कृषि बजार निर्माण कार्यको ठेक्का दीप तामाकोसी कन्ट्रक्सन प्रालि भक्तपुरले लिएको छ । २०८१ असार मसान्त भित्र निर्माणकार्य सम्पन्न गरिसक्नुपर्ने सम्झौतामा उल्लेख छ ।

कृषि बजारमा कृषि सेड , कंक्रिट पेभर, शौचालयलगायतका संरचना निर्माण गरिने वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख सिंहका स्वकीय सचिव सत्यराज घिमिरेले जानकारी दिए ।

# सडक–बजार सुनसान

**टुडे समाचारदाता**

मलंगवा । जिल्ला प्रशासन कार्यालय सर्लाहीले तातो हावा अर्थात् 'लु' बाट बच्ने उपाय अपनाउन अनुरोध गरेको छ ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले एक सूचना जारी गर्दै जल तथा मौसम विज्ञान विभागले तराई क्षेत्रमा तापक्रम अत्यधिक बढेर तातो हावा तथा 'लु' लाग्न सक्ने सम्भावना रहेको भनी चेतावनी जारी गरिरहेकाले जिल्लावासीलाई सतर्कता अपनाउन अनुरोध गरेका छन् ।

प्रजिअ यादवले हस्ताक्षर गरी जारी गरेको सूचनामा तातो हावा तथा 'लु' बाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, घाममा बढी समय नहिँड्ने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, पटक-पटक पानी तथा झोल पदार्थ (जुस, सर्वत आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रहने भनी सल्लाह दिइएको छ । चिकित्सकका अनुसार यो समयमा थकाइ



लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरु दुख्ने, वान्ता आदि हुनसक्छ । गर्मी अत्यधिक हुँदा धेरैमा अहिले यस प्रकारका स्वास्थ्य समस्या देखा पर्न थालिसकेको छ ।

विगत एक साता भन्दा बढी समयदेखि निरन्तर तातो हावा चलेर चर्को घाम लाग्दा यस्ता सङ्क्रमण भएका बिरामी सबैतिर बढेका छन् । अघिल्लो हप्ताको सोमबारदेखि तराई क्षेत्रमा गर्मी अत्यधिक बढेको छ ।

बिहान सूर्योदय हुँदादेखि साँझ अबेरसम्म नै चर्को घाम लागेर तातो हावा चल्ने गरेको छ ।

# प्राधिकरणलाई ध्यानाकर्षण



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगर र यस आसपासका क्षेत्रमा केही हप्ता यतादेखि बढिरहेको गर्मीकै बेला लगातार रुपमा भइरहेको अघोषित लोडसेडिङ र ट्रिपीङको समस्याले जनजीवन कष्टकर बनेको भन्दै नेकपा (एकीकृत समाजवादी ) ले नेपाल विद्युत प्राधिकरणको ध्यानाकर्षण गराएको छ।

दुई हप्तायता अत्याधिक रुपमा बढेको गर्मीले जनजीवन नै अस्तव्यस्त भइरहेका बेला विद्युत आपूर्तिमा भइरहेको समस्याले वीरगञ्ज र यस आसपासका वासिन्दा थप पीडित बनेको भन्दै नेकपा (एकीकृत समाजवादी ) ले विद्युत आपूर्तिमा भइरहेको समस्या तत्काल समाधान गर्न प्राधिकरणलाई आग्रह पनि गरेको छ।

बुधबार नेकपा (एकीकृत समाजवादी ) को वीरगन्ज महानगर कमिटीले नेपाल विद्युत प्राधिकरण वीरगञ्ज वितरण केन्द्रका प्रमुख अवधेश कुमार दुवेलाई ज्ञापनपत्र बुझाउँदै लाइन कट्ने समस्या तत्काल समाधान गर्न आग्रह गरेको छ।

त्यसक्रममा नेकपा (एकीकृत समाजवादी ) का महानगर अध्यक्ष मनोज चौधरीसहितका नेताहरुले प्रचण्ड गर्मीले आजित बनाइरहेकै बेला बेलामा लाइन कट्दा आम जनताको जनजीवन थप कष्टकर बनेकाले यसबारे प्राधिकरणले तत्कालै ध्यान दिनुपर्नेमा जोड दिए।

अन्यथा प्राधिकरण विरुद्ध पीडित जनतालाई लिएर सडकमा आउने चेतावनीसमेत उनीहरुले दिए।

जवाफमा विद्युत प्राधिकरण वीरगञ्ज वितरण केन्द्रका प्रमुख दुवेले वीरगञ्ज क्षेत्रमा केहीदिन यता पटक पटक विद्युतको ट्रीप भएर लाइन कटिरहेको स्विकारे । यो समस्या समाधानका लागि वीरगन्ज क्षेत्रका थप २० स्थानमा असार महिनाभित्र नयाँ ट्रान्सफर्मर जडानका लागि प्राधिकरणले तयारी गरिरहेको जानकारी गराए।

# तीन अर्ब बराबरको ऋणपत्र जारी

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले ऋणपत्र जारी गर्ने भएको छ। बैंकले १० वर्ष अवधि भएको "१० प्रतिशत सिटिजन्स बैंक ऋणपत्र २०८०" जारी गर्न लागेको छ।

बैंकले एक हजार रुपैयाँ अंकित दरमा तीन अर्ब रुपैयाँ बराबरको ३० लाख कित्ता ऋण पत्र जारी गर्न लागेको छ।

उक्त ऋणपत्रको निष्काशन तथा बिक्री प्रबन्धकका लागी हिमालयन क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ। सम्झौतामा सिटिजन्स बैकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेल तथा हिमालयन क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत परमेश्वर पन्तले हस्ताक्षर गरेका छन्।



उच्चतम प्रतिफल सहितको यस ऋणपत्रबाट दिर्घकालिन लगानी कर्ताहरु लाभांन्वित हुने विश्वास लिएको बैंकले जनाएको छ।


## सर्पदंशबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं

१. गर्मी महिनामा घरवरिपरी सर्प लुक्न सक्ने ठाउँहरु खोजी गरी व्यवस्थापन गरौं ।
२. घर वरिपरि रहेका झारपात तथा फोहोर ठाउँहरु सफा गरौं ।
३. खुल्ला स्थानमा शौच नगरौं ।
४. सकभर खाली खुट्टा नहिडौं ।
५. रातिको समयमा बाहिर निस्किनुपर्दा टर्च लाइट तथा लठ्ठीको अनिवार्य प्रयोग गरौं ।
६. सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं र झुलको प्रयोग गरौं ।
७. घरमा रहेका प्वालहरु अविलम्ब बन्द गरौ ।
८. पराल, दाउरा, गोइठा आदि झिक्दा सावधानी अपनाऔं ।
९. सर्पले टोक्ने बित्तिकै टोकेको ठाउँमा ब्यान्डेज वा सफा कपडाले बाँधेर तुरुन्तै नजिकैको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगेर उपचार गराऔ ।
१०. सर्पले टोकेमा झारफुक वा धामी झाँक्रीबाट विष निकाल्ने जस्ता अन्धविश्वासमा नपरौं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण



## राजविराज नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### राजविराज, मधेश प्रदेश, नेपाल

## बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन:एकीकरण (रेमी) परियोजनाका लागि आवश्यकता

(प्रथम पटक प्रकाशित मितिः २०८०।०२।२५)

नेपाल सरकार र स्वीस सरकार बिचको द्विपक्षिय सम्झौता अन्तर्गत संचालित वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुनःएकीकरण (रेमी) परियोजना संचालन गर्न निम्नानुसारको जनशक्तिको आवश्यकता भएको हुँदा योग्य नेपाली नागरिकहरुबाट १५ (पन्द्रह) दिन भित्र निवेदन आह्वान गरिएको छ।

| विज्ञापन नं. | पद | योग्यता |
|---|---|---|
| ०१/ २०७९/८० | परिवार परामर्शकर्ता माग संख्या- १ (एक) | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क, पब्लिक हेल्थ, बि.एड. स्वास्थ्य शिक्षामा स्नातक तह उत्तिर्ण गरेको वापोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको। - सम्बन्धित विषयमा कार्य अनुभव भएको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |
| ०२/ २०७९/८० | रोजगार परामर्शकर्ता माग संख्या- १ (एक) | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तिर्ण गरी व्यावसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ताले भल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको। - वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |
| ०३/ २०७९/८० | समाजिक परिचालक माग संख्या- २ (१ जना महिला अनिवार्य) | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण गरी वैदेशिक रोजगारीबाट फर्केको। - स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |

(१) दरखास्त दिने अन्तिम मितिः २०८०।०३।०७ कार्यालय समय भित्र। सो दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट।
उम्मेदवारहरुको योग्यता लगतयतका शर्तहरु यस कार्यालयको Website: www.rajbirajmun.gov.np मा राखीएको छ।



## फतुवा विजयपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### लक्ष्मिनिया दो रौतहट
### मधेश प्रदेश नेपाल

## नगर प्रहरी (करारमा सेवामा) पदपूर्ति गर्ने सम्बन्धि सुचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०२/२३ गते**

फतुवा विजयपुर नगरपालिकाको स्वीकृत दरबन्दी बमोजिम नगर कार्यपालिकाको मिति २०७९/०८/०१ गते को निर्णय अनुसार देहायको पद संख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट १५ (पन्द्र) दिन भित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन संबन्धित सबैको जानकारीको लागि प्रथम पटक सुचना दरखास्त दर्ताका लागि आव्हान गरिन्छ।

तपसिल

| विज्ञापन नं. | पद | तह | खुल्ला | समावेशी समुह | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आ.ज. | मधेशी | दलित | |
| ५/२०७९/०८० | नगर प्रहरी सहायक निरीक्षक | ४ | १ | – | – | – | – | १ |
| ६/२०७९/०८० | नगर प्रहरी जवान | १ | ८ | २ | २ | १ | १ | १४ |


१. **दरखास्त फारम दर्ता मिति**: २०८०/०२/२४ गते देखि २०८०/०३/०६ गते, दिउसो ४:०० बजे सम्म
२. **दरखास्त फारम प्राप्त तथा बुझाउने स्थान**: फतुवा विजयपुर नगरपालिकाको कार्यालय, लक्ष्मीनिया दो. रौतहट
३. **दरखास्त राजस्व दस्तुर** : नगर प्रहरी सहायक निरीक्षक - रु.४००/- (चार सय मात्र), नगर प्रहरी जवान पद - रु.३००/- (तिन सय मात्र)
४. **आवश्यक न्युनतम योग्यताहरू**:

| पद | न्युनतम योग्यता |
|---|---|
| नगर प्रहरी सहायक निरिक्षक | १. शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा उच्च माध्यमिक (१०+२) वा प्रविणता प्रमाण-पत्र तह वा सो सरह उतिर्ण गरेको। |
| | २. नैतिक पतन देखिने फौजदारी अभियोग सजाय नपाएको। |
| | ३. राजनैतिक दलका सदस्यता नरहेको। |
| | ४. आतंककारी संगठनको सदस्य नरहेको। |
| | ५. भविष्यमा सरकारी नोकरीको निमित अयोग्य नठहरिने गइ नोकरीबाट बर्खास्त नभएको। |
| | ६. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण-पत्र भएको। |
| | ७. संबन्धित ईलाका वा वडा प्रहरी कार्यालयवाट जारी भएको चारित्रिक प्रमाण-पत्र। |
| | ८. नेपाली नागरिक। |
| | ९. उमेर : २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको। |
| | १०. आँखा माईन्स २ वा प्लस २ भन्दा बढी कमजोर नभएको। |
| | ११. उचाई, छाती र तौलः |
| | (क) पुरुषः उचाई घटीमा ५ फिट २ ईन्च, छाति ३१-३३, तौल ५० के.जी. (ख) महिलाः उचाई घटीमा ५ फिट, तौल ४२ के.जी. |
| नगर प्रहरी जवान | १. शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा उतिर्ण गरेको। |
| | २. उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको। |
| | ३. अन्य योग्यता माथी उल्लेख भए अनुसार। |

५. **दरखास्तसाथ समावेश गर्नुपर्ने कागजातहरू** :
(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १ (एक) प्रति।
(ख) हालसालै खिचेको पुरै मुखाकृत (दुवै कान समेत) प्रस्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो ३ (तिन) प्रति।
(ग) आफुले प्राप्त गरेको न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति, नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि.बाट समकक्षता निर्धारणको प्रमाणपत्रको नोटरी पब्लिक फर्मबाट प्रमाणित गरेको पेश गर्नु पर्नेछ।
(घ) आदिवासी र जनजातीका लागि नेपाल आदिवासी र जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी र जनजाती भनि प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि - १ (एक) प्रति। तर, नेपाल आदिवासी र जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनको सुचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा संबन्धित स्थानीय निकायको वडा वा प्रमुखको सिफारीसमा प्रमुख जिल्ला अधिकारी वा गाँउपालिका र नगरपालिकाको वडा तहबाट सुचिकृत भएको जाति भित्र थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।
(ङ) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि -१ (एक) प्रति। तर, राष्ट्रिय दलित आयोग बाट सुचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा संबन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारी वा गाउँपालिका र नगरपालिकाको वडा तहबाट सुचिकृत भएको जाति भित्र थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।
(च) मधेशीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि १ (एक) प्रति।। तर, नेपाल राजपत्रमा संबन्धित स्थानीय निकायको वडा वा प्रमुखको सिफारीसमा प्रमुख जिल्ला अधिकारी वा गाँउपालिका र नगरपालिकाको वडा तहबाट सुचिकृत भएको जाति भित्र थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।
(छ) दरखास्त फारमसंग संलग्न राखी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडी पट्टी सकल बमोजिम नक्कल ठिक छ भनि उम्मेदवार स्वयमले अनिवार्य रुपमा दरखास्त पेश गर्नु पर्नेछ।
६. **छनौट विधि**: प्रारम्भिक स्वास्थ्य परिक्षण तथा शारीरिक तन्दरुस्ती परिक्षण, लिखित परिक्षा र अन्तरबार्ता
७. **कार्यक्षेत्र तथा कामको प्रकृति** : फतुवा विजयपुर नगरपालिका नगर प्रहरी सम्बन्धि कार्यविधि २०७५ मा उल्लेख भए बमोजिमको
८. **सम्पर्क मिति तथा स्थान**: सम्पर्क मिति पछी तोकिने छ।
९. स्थानीय वासिन्दा, पुर्व आर्मी, शस्त्र प्रहरी नेपाल प्रहरी, म्यादी प्रहरी मा समेत काम गरेको लाई विशेष ग्राहयता दिने छ।
१०. विज्ञापन रद्द/स्थकित गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको हुने छ।

**पुनश्च**:
१. हरेक चरणको परिक्षा समाप्ति पछि नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परिक्षामा सम्मीलित गराइनेछ।
२. दरखास्त पेश गर्दा सक्कल प्रमाण पत्रहरु साथमा लिई उम्मेदवार स्वयम उपस्थित हुनु पर्नेछ।
३. यस बिज्ञापन सम्बन्धि थप जानकारीका लागि यस नगरपालिकाको वेवसाइट www.phatuwabijaypurmun.gov.np मा समेत हेर्न सकिनेछ र दरखास्त फारम सोहि वेवसाइटवाट डाउनलोड गरी आवश्यक कागजातहरु स्वयमले प्रमाणित गरेको नक्कल प्रति संलग्न राखी यस कार्यालयमा पेश गर्न सकिने छ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सरकारको नीति तथा कार्यक्रम

मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्रदेशलाई आर्थिक रुपमा सुदृढ बनाउने कार्यक्रमहरु राखिएको छ । चालु खर्चमा कटौती गरी पुँजीगत खर्च वृद्धि गर्न सरकारले अनुत्पादक देखिएका सरकारी कार्यालयहरुलाई गाभ्ने र हटाउने काम गर्नेछ । कतिपय कार्यालयहरुले चार वर्षमा औचित्य पुष्टिसमेत गर्न सकेको छैन् । ती कार्यालयहरुमा सरकारी खर्च अपेक्षाकृत बढी नै रहेको छ । सरकारका लागि खर्च घटाएर विकासमा खर्च बढाउनु चुनौती नै छ । नीति तथा कार्यक्रममा सरकारले यसलाई प्राथमिकताका साथ अगाडि बढाउने घोषणा गरेको छ । सरकारले बेटी मुद्दती योजनालाई नीति तथा कार्यक्रममा समावेश गरेको छैन् । कक्षा १२ मा अध्ययन गर्ने किशोरीहरुलाई सरकारले ल्यापटप उपलब्ध गराउनेछ । यो अत्यन्त प्रशंसनीय कार्य हो । तर यसका लागि कक्षा ११ र १२ मा कम्प्युटरको माध्यमबाट कोर्षको अध्यापनको समेत व्यवस्था हुनु जरुरी छ । सरकारले नीति तथा कार्यक्रममा उल्लेख गरे अनुसार मधेश विश्वविद्यालयले प्रदेशका आठ जिल्लामा आठवटा महिला आवासीय कलेजलाई सम्बन्धन प्रदान गर्नेछ । वीरगञ्जमा रहेका मधेश विश्वविद्यालय हालसम्म सञ्चालनमा नै आएको छैन् । मधेश विश्वविद्यालयले के पढाउने र आवासीय महिला कलेजलाई के आधारमा कुन विषयका लागि सम्बन्धन दिने त्यो समेत सार्वजनिक भइसकेको छैन् । देशका कतिपय विश्वविद्यालयले कलेजहरुलाई नगद लिएर सम्बन्धन दिने धन्धा हुने चिन्ता बढाएको छ । स्थापना भएको वर्ष दिनमा औचित्य पुष्टिसमेत गर्न असफल रहेको मधेश विश्वविद्यालयले आफै कलेज सञ्चालन नगरी सम्बन्धन बेच्ने उपायमा लागेको देखिएको छ । सरकारले नीति तथा कार्यक्रममा राखेको सो शीर्षकमा पुनःविचार गर्नु आवश्यक छ । मधेश विश्वविद्यालयका भीसी, रेक्टर र रजिष्टारको नियुक्ति पनि अपारदर्शी रहेकाले आलोचना भएको थियो । त्यहाँ कर्मचारी भर्ना पनि वैध रुपमा भएको छैन् । निजी कलेजका सञ्चालक नै भीसी रहेकाले विश्वविद्यालयको अवस्था नै दयनीय छ । सरकारले पत्रिका र एफएमको नीति तथा कार्यक्रममा सामान्य चर्चा गरेको छ । तर टीभी र डिजिटल मिडियाको विषयमा सरकार पूर्णतःअनभिज्ञ रहेको छ । सरकारले साइकलका लागि विद्यालयमा नै अनुदान दिने घोषणा गरेको छ । दलित, सीमान्तकृत, महिलाहरुका लागि कार्यक्रमहरुको घोषणा गरिएको छ । अस्पतालहरुको स्तरोन्नति प्रशंसनीय कार्य हो । ज्येष्ठ नागरिकहरुको अस्पतालमा ओपीडी रसिद निःशुल्क भन्दा पनि पूर्ण रुपमा स्वास्थ्य उपचार निःशुल्क गर्नु आवश्यक छ । ज्येष्ठ नागरिक, महिला, बालबालिकाहरुलाई नीति तथा कार्यक्रममा समेटिएको छ । सरकारले उद्योग स्थापनाका लागि मेला आयोजना गर्ने कार्यक्रमलाई सफल बनाउन सके अत्यन्त उपयोगी हुनेछ । कतिपय पुरानै कार्यक्रमलाई निरन्तरता दिएको छ । कतिपय नयाँ कार्यक्रमहरु पनि राखिएको छ । तर केही कार्यक्रमहरु आलोचित पनि छ । संघीयतालाई सबल बनाउने र असफल बनाउने मधेश प्रदेश नै रहेकाले प्रदेशवासीले सरकारको अनुभूति गर्ने कार्यक्रमहरुलाई महत्वका साथ कार्यान्वयनमा ल्याउनुपर्छ ।

# प्रजातन्त्र सेनानी जलन्धर यादवको दृष्टिमा हालको कांग्रेस




डा. रामसागर पंडित

चाहे राणा जहानिया शासनको विरूद्धमा होस् वा राजा महेन्द्रद्वारा २०१७ साल पुस १ गते खोसिएको प्रजातन्त्रको पुनर्बहालीका लागि होस् नेपाली काँग्रेस शुरूदेखि हालसम्म सबै आन्दोलनमा आफ्नो नेतृत्वदायी भूमिकामा बसेर सक्रिय योगदान दिदै आएको कुरालाई सबैले स्वीकार गरेका छन् । २००७ सालको क्रान्तिमा राजा र जनता दुबैको सहयोग थियो । विश्वमा यस्तो इतिहास बिरलै छ जहाँ राजा र जनता सँगसँगै आन्दोलनमा होमिएका हुन्छन् । २००७ सालको आन्दोलन सकिएपछि देशमा प्रजातन्त्र आयो भने यसलाई कसरी अगाडि बढाउने कुरामा त त म म गर्दै संसदीय निर्वाचनसम्म आउँदा जम्मा आठ वर्ष लागेको थियो । यी आठ वर्षमा आठचोटी मन्त्रीपरिषद्को गठन भएको थियो । २०१५ सालको निर्वाचनबाट विश्वेश्वरप्रसाद कोइराला नेपालका पहिलो निर्वाचित प्रधानमन्त्री भए । यो मन्त्रीपरिषद् २०१६ साल जेठ १३ गते गठन भई २०१७ साल पुस १ गतेसम्म मात्र आफ्नो काम गरेको थियो । त्यसपछि नेपाली काँग्रेस राजा महेन्द्रको विरूद्धमा सशस्त्र आन्दोलन गर्ने निर्णय गऱ्यो । यस निर्णय अनुसार पूरै देश प्रजातन्त्रको पक्षमा आन्दोलित भए । पार्टीका नेताहरूलाई धरपकड हुन थाल्यो । बहुदलवादी दुई भागमा विभाजित भए । केही नेता तथा कार्यकर्ताहरू पञ्चायतलाई समर्थन गरी प्रवेश गरेका थिए भने बाँकी नेता तथा कार्यकर्ताहरू आन्दोलनमा होमिए ।

आजको यस लेखलाई लेखकले तत्कालिन महोत्तरी जिल्लाको पूर्वी हिस्सा खेस्राहा संसदीय क्षेत्रतिर मोड्न चाहन्छ जो जहिले पनि नेपाली काँग्रेसको छायामा परेको देखियो । यो क्षेत्र त धेरै वीर सपूतहरूलाई जन्माए पनि काँग्रेसका नेतृत्ववर्गले ठाउँसम्म पुग्न दिएन । सम्बन्धित क्षेत्रलाई उपेक्षा गरी यदि कुनै पार्टीले काम गर्दै जान्छ भने त्यसको आधार क्षेत्र कमजोर हुँदै जान्छ । यो खेस्राहा क्षेत्र सधैं काँग्रेस क्षेत्र हुँदा हुँदै नेपालमा कम्युनिष्टहरूको बृद्धि हुने क्षेत्रहरू मध्ये यो क्षेत्र पनि जोडिन्छ । यसको मूल कारण काँग्रेसले यस क्षेत्रमा बाहिरका उम्मेदवारलाई लाद्दै जाँदा यस्तो अवस्था हुन गयो । २००७ सालको आन्दोलनको सफलता पश्चात २०१५ सालको आमनिर्वाचनबाट वामपन्थी ४ वटा सिटमा मात्र जितेका थिए । त्यसबेला खेस्राहा क्षेत्रबाट काँग्रेसका सरोजप्रसाद कोइराला विजयी भएका थिए । यसक्षेत्रलाई पार्टीहरू मध्येका कुनै पार्टीले सही उम्मेदवार दिन नसकेको कारणले सधै लुटपाट, डकैती, हत्या आदि घटनाहरू निरन्तरता पाउँदै गए ।

यस क्षेत्रमा केही तत्कालीन नेताहरूका नाम यहाँ उल्लेख गर्न चाहन्छु जो आफ्ना तन-मन-धनले सहयोग गरे पनि समय आएपछि पछाडि पारिन्थ्यो । यसका कैयौं उदाहरण इतिहासको पानामा नगई मानिसको मनबाट अहिले पनि गएको देखिँदैन । तत्कालिन नेताहरूमा क्रमशः हृदयकान्त झा, परमानन्द दत्त, रामकृष्ण मण्डल, जीवछ अडगरिया, देवनारायण झा (देबु बाबु), जुगेश्वर साह, ज्ञानकुमार तिवारी, सत्यनारायण झा, सीताराम साह, जलन्धर यादव, कपिलेश्वर झा, राजेन्द्र झा, मदन सहगल, रामदिहल पंडित, रामभज्जु मण्डल जस्ता अनेकौं प्रजातन्त्रको लडाइमा आफ्ना तन, मन, धनले लागेका थिए । पार्टी सरकारमा आउँदा पनि यिनीहरूको बिल्कुलै खोजबीन भएन । कहाँ छन् ? कुन अवस्था छन् ? पारिवारिक अवस्था कस्तो छ ? यस्ता अनेकौं प्रश्नहरू पार्टीतिर तेर्सिएका छन् । पार्टीका अगुवाहरू सरकारबाट के कति लिन सकिन्छ त्यतातिर लागेका देखिए । यसलेगर्दा नेपाली काँग्रेस बिस्तारै कमजोर हुँदै गयो । आजको अवस्थासम्म आउँदा यदि कम्युनिष्टमा फुटफाट नभएको भए सरकारमा जान त के विपक्षी दलको पनि प्रमुख पार्टी बन्न अपठ्यारै हुन्थ्यो होला ।

नेपाली काँग्रेस एउटा ऐतिहासिक पार्टी हो । यसले प्रत्येक राष्ट्रिय आन्दोलनमा नेतृत्व प्रदान गर्दै आएको छ । मान्छेलाई किन बितृष्ण जाग्यो ? एउटै मूल कुरो छ कि पार्टीका इमान्दार तथा ऐतिहासिक कार्यकर्ता तथा नेताहरूलाई उपयुक्त ठाउँ भेटेन । उनीहरू पार्टीदेखि दूरी बढाउँदै गए । कुनै पार्टीको



कार्यकर्ता नै मेरूदण्ड हुन्छ । जुन पार्टीसँग जति बढी कार्यकर्ता हुन्छन् । ती पार्टीहरू त्यतिकै बलियो देखिन्छन् ।

तत्कालीन महोत्तरी जिल्लाको पूर्वी संसदीय क्षेत्रको नाम थियो खेस्राहा । खेस्राहामा २०१५ सालको आम निर्वाचनमा खेस्राहाकै माटोमा जन्मेहुर्केका मान्छेलाई टिकट दिनु पर्नेमा नदिई सरोजप्रसाद कोइरालालाई टिकट प्रदान गरियो । यस कामको धुँवाधार विरोध भयो । यस पदको प्रवल दाबेदार थिए-जीबछ अडगरिया । नेपाली काँग्रेसको देशमा उँच लहर चलेको कारणले दुई-तिहाइभन्दा बढी सीटमा जीत हासिल गरेको थियो । त्यस्तै पुनः वामपन्थीको बिगबिगीलाई तथाकथित रूपमा शान्त गर्न स्मृतिनारायण चौधरीलाई टिकट दिइयो । यसरी खेस्राहावासीले नचाहँदा नचाहँदै बाहिरी क्षेत्रबाट उम्मेदवार दिनु भनेको एक प्रकारको खेस्राहाको अपमान नै थियो ।

अब लेखकले पाठकवर्गलाई शिर्षकमा उल्लेख रहेका कुरासँग जोडेर अगाडि बढ्न चाहन्छ । त्यसबेलाका एक महान क्रान्तिकारी योद्धा थिए जलन्धर यादव । निर्गुन यादवको प्रेरणाले जलन्धर यादव पार्टीमा प्रवेश गरेका थिए । पार्टीमा निर्गुन यादव राम र जलन्धर यादव हनुमानको नामले जानिन्थे । जलन्धरले निर्गुनजीको कुरालाई अक्षरसः पालना गर्दथे । जलन्धर यादवको जन्म त्यसबेलाको खेस्राहाको कर्माही तथा हालको विदेह नगरपालिकाको कर्माहीमा जन्मेका जलन्धर यादव सहदेव यादव तथा पार्वती देवीका जेठा सुपुत्र हुन् । उहाँका बुवा एउटा सम्पन्न किसान थिए । हाल उहाँको उमेर ८६ वर्ष कटिसकेको छ तर पनि वहाँ स्वस्थ देखिनु हुन्छ । वहाँ राममनोहर लाहियाको समाजवादी सिद्धान्तसँग नजिक हुनुहुन्छ । वहाँको शुरुको शिक्षा दिक्षा घरमै भएको थियो भने माध्यमिक शिक्षाका लागि भारत बिहारको जटुलियाको माध्यमिक विद्यालयमा पठाइएका थिए । वहाँ माध्यमिक शिक्षासम्म शिक्षा लिइ पढाइ छोड्नु भयो । शिक्षा कम भएपनि सिद्धान्तका अटल योद्धा हुनुहुन्छ जलन्धर यादव जो नेपाली काँग्रेसको आह्वानमा हुने आन्दोलनमा कहिले पनि पछि पर्नु भएन ।

त्यसबेला राजनीतिमा आउन रूद्रप्रसाद गिरि, सरोजप्रसाद कोइरालाकै हातबाट निर्गुनजीको साथै जलन्धरजीले पनि नेपाल राष्ट्रिय काँग्रेसको सदस्यता लिएका थिए । निर्गुनजीसँगै जलन्धर यादव पनि विपीलाई भेटेर सल्लाह दिएका थिए कि झण्डा बोकेर होइन, हामी बन्दुक बोकेर काम गर्छौं । यिनी दुबै जना जयनगर आए । बन्दुक बोकेर नै यिनीहरू सँगठन गर्न थाले । पार्टीबाट यिनीहरूलाई गोरिल्ला लडाइ सिख्न पटनामा सोसलिष्ट पार्टीका नेता बसावत सिंह जिम्मा लगाइयो र भनियो निर्गुन र जलन्धरजीलाई गोरिल्ला लडाइ लड्ने तरिका, बम, गोलिगठ्ठा, चलाउन र बनाउने प्रशिक्षण के के गराउनु पर्छ गर्नुस् । यिनीहरू चार महिनामा बाबइ ट्रेनिंग हलबाट तालिम लिएर पटना बसावत सिंह कहाँ पुगेर आफ्ना तालिमका कुराहरू बताए ।

यसपछि यहाँहरू आफ्ना गोरिल्ला लडाइ शुरू गर्नुभयो । जितेका सात राइफल गोलिहरू बिना हात हथियारले जितेर ल्याएकोमा विपिबाट बधाई समेत पाए । पटनामा कलकत्ताबाट आएका विद्यार्थीहरूलाई विपिले यहाँहरूका साथ लगाइ दिए । यी विद्यार्थीहरूसँगै निर्गुन र जलन्धरजीले जयनगर आएर सबैभन्दा पहिले खजुरी थाना लुट्ने काम गरेका थिए । यतिकैमा निर्गुन र जलन्धरको नाम जिल्लाभरी शोर भयो । यसपछि रूद्रप्रसाद गिरीको नेतृत्वमा रेल कब्जा गर्ने योजना बनाइयो । नेतृत्वको भनाइ अनुसार नै रेललाई कब्जामा लिएर यात्रीलाई बाहिर निस्कन आग्रह गरियो । गाडीलाई महिनाथपुरबाट खजुरी ल्याइयो । त्यतिकैमा गिरिजी ट्रलीबाट खजुरी आइपुगे । त्यतिकैमा हातमा तलवार लिँदै इन्कलाब जिन्दाबाट, नेपाली काँग्रेस जिन्दाबाद, राणा शाही मुर्दाबाद गर्दै जुलुस लिएर खजुरीका नारायण काजी पनि सामेल भए । यसरी खजुरी थाना र रेल कब्जाको कुरा सुनेर चौकीका प्रहरीहरू आ-आफ्ना गुन्टी गुन्टाहरू लिएर जलेश्वर भाग्न थाले । गिरिजीले निर्गुन र जलन्धरसहित अन्य साथीहरूसँग छलफल गरेर गाडी लिएर जनकपुर पुग्ने निधो गरे । यी सबै क्रान्तिवीरहरू रेलमा बसेर जनकपुर पुगे । उनीहरू बन्दुक बोकेर क्रान्तिकारी साथीहरूसँग बजार पुगे । बजारमा यस कुराले निकै स्थान पायो ।

यस आन्दोलनले जनकपुरलाई कब्जा गरेपछि नेपाली काँग्रेसले महेन्द्रनारायण निधिको अध्यक्षतामा जनसरकारको स्थापना गऱ्यो । जनसरकारमा निर्गुन र जलन्धरलाई प्रहरी बिभाग हेर्न जिम्मा दिइयो । यसरी राणा सरकार अपदस्त भयो । राजा महेन्द्रलाई नेपाली काँग्रेसले ल्याएको प्रजातन्त्र मन परेन । बिस्तारै २०१७ साल पुस १ गते नेपाली काँग्रेसमाथि पुनः प्रतिबन्ध लगाइयो । काँग्रेस पुनः प्रवासमा बसेर राजाको तानाशाही कदमको विरोधमा आवाज उठाउन थाले । राजाले विदेशका सरकारसँग पनि आफ्नो सम्बन्ध जोडिसकेका थिए । यता विपि कोइराला र जवाहरलाल नेहरूको बीचमा व्यक्तित्व प्रतिस्पर्धाले गर्दा जवाहरलाल नेहरू विपिलाई भित्रै भित्रै विरोध गरि रहेका थिए । जवाहरलाल पछि वहाँकै छोरी इन्दिरा गाँधी भारतका प्रधानमन्त्री भइन् । वहाँसँग अझ कुरा मिलेन । पछि विपिले भारतमा नेपाली काँग्रेसको अवस्था सुरक्षित नदेखेर मेलमिलापका नारासहित नेपाल प्रवेश गरेका थिए । प्रवेश हुँदै धरपकड हुन थाल्यो । देशभित्रै बसेर संघर्ष गर्न थाले । राजामाथि पनि प्रेसर पर्न थाल्यो । राजा वीरेन्द्रले जनमत संग्रह गराएर यसलाई छिनोफानो गर्न चाहन्थे । पुनः दरबारिया खडयन्त्रले गर्दा सुधारिएको पञ्चायत व्यवस्थालाई जिताइयो । यसको विरुद्ध पुनः आन्दोलन चर्कियो र २०४६ सालमा पुनः प्रजातन्त्र फर्कियो ।

त्यतिकैमा २०७० सालतिर निर्गुनको देहावसान भयो । यस घटनाले गर्दा जलन्धरजी निकै मर्माहत भए । वहाँ निर्गुनबिना आफुलाई टुहुरो जस्तो महसूस गर्न थाले । नेपाली काँग्रेसले राणा विरोधी आन्दोलनदेखि गणतान्त्रिक आन्दोलनसम्म लडेको लडाइमा जलन्धरजी निरन्तर रूपमा जनताका लागि लड्दै रहे । वहाँ कहिले पनि विराम लिनु भएन । वहाँसँग कुरा हुँदा अहिलेको गणतान्त्रिक व्यवस्थामा पार्टीका नेतादेखि कार्यकर्तासम्मको व्यवहारलाई हेर्दा निकै दुःख पोख्नु हुन्छ । वहाँको के भनाइ छ भने हामीले संघर्ष गरेर ल्याएको प्रजातन्त्रको उद्देश्य विपरीत आजका काँग्रेस गइराखेकोले बढी दुःखी छु । वहाँलाई आफ्नो जीवनमा पार्टीलाई दिएको योगदान वापत पार्टीले 'प्रजातन्त्र सेनानी' को सम्मानबाट सम्मानित गरेको छ । वहाँलाई सम्मान गर्ने संस्थाको नाम हो 'नेपाल प्रजातन्त्र सेनानी संघ' । यो सम्मान-पत्र २००७ सालको प्रजातन्त्र प्राप्ति र २०१७ सालमा गुमेको प्रजातन्त्र पुनःप्राप्तिको आन्दोलनमा पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै ६५ औं प्रजातन्त्र दिवसको पावन अवसरमा वहाँलाई यो प्रमाणपत्र तत्कालिन प्रधानमन्त्री सुशील कोइरालाको हातबाट प्रदान गरिएको थियो । वहाँलाई यस्तो उच्च सम्मानबाट सम्मानित गर्नु भनेको विगतको इतिहासलाई जिवन्तता दिनु हो ।

वहाँ ५ सन्तानका पिता खेतीपाति हेर्न नसकेर गाउँबाट जनकपुरमै आएर आफ्ना कान्छो छोरो दिपेन्द्र यादवसाथ आफ्नो जीवनको उतरार्द्ध समय विताइ रहनुभएको छ । वहाँसँग कुरा हुँदा वहाँले आफूले गरेको कामबाट मलाइ अलिकति पनि पश्ताचाप छैन । म आफूलाई प्रजातन्त्र प्राप्तिमा लगाएको श्रम र शक्तिबाट शतप्रतिशत सन्तुष्ट छु ।

प्रजातन्त्र पुनर्वहाली पश्चात् पार्टीका नेताहरू ठूलठूला पदमा बसेर निकै धन आर्जन त गरे होलान् तर यस्तो सम्मान पत्रले आफूलाई निरन्तर सन्तुष्टि पाइरहने कुरा अरू हुनै सक्दैन । यसरी आफ्ना जीवनका हरेक क्षण तथा हरेक पलहरू प्रजातन्त्र र समाजवाद प्राप्तिका लागि नेपाली काँग्रेसलाई नै जीवन समर्पण गरेका छन् । नेपाली काँग्रेसका प्रत्येक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्दै आउनु भएका जलन्धर यादव जस्तो क्रान्तिकारी योद्धा प्रति कोटी कोटी नमन । इतिश्री ।

# दिगोपनाको कसीमा सामाजिक सुरक्षा प्रणाली



शङ्कर नेपाल

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले देशैभरि भैरहेको विरोध प्रदर्शनका बीच हालसालै सेवाबाट अवकासको उमेर ६२ बाट बढाएर ६४ वर्ष पुऱ्याएका छन् । निवृत्तीभरणका लागि सन् २०२२ र २०३२ का बीच वार्षिक सरदर १० अर्ब युरो न्यून हुने प्रक्षेपण रहेको सन्दर्भमा उनले यो कार्य फ्रान्सको निवृत्तीभरण प्रणालीलाई विघटन हुन नदिनका लागि गरेको भनेका छन् । सामाजिक सुरक्षा र खासगरी निवृत्तीभरण प्रणालीलाई धान्न सकिने बनाउन औद्योगिक मुलुकहरुले अवकासको उमेर बढाउने, निवृत्तीभरणको सूत्र परिवर्तन गर्ने र सुविधा कटौती गर्नेमध्ये कुनै उपाय गर्ने गर्दछन् ।

बढ्दो औसत आयु र घट्दो जन्मदरले गर्दा संसारभर कमाउने जनसङ्ख्या अनुपात घट्दो र आश्रित जनसङ्ख्या अनुपात बढ्दो छ । जनसंख्याको यो बदलिंदो प्रवृत्तिले गर्दा विगतमा भएका सामाजिक सुरक्षाका अभ्यासलाई धान्न संसारभर चुनौती खडा भएको छ । म्याक्रोनको कदम उनको राजनीतिक भविष्यका लागि चुनौती बन्ला वा नबन्ला तर मुलुकको अगाडि रहेको निवृत्तीभरण धान्नु पर्ने चुनौतीलाई उनले ठूलो देखेको मान्नु पर्छ । नेपालको सन्दर्भमा यो घटना किन महत्वपूर्ण छ भने हाम्रा निवृत्तीभरण लगायत तमाम सामाजिक सुरक्षाका कार्यक्रमहरु धान्न चुनौती बन्दै गएका छन् ।

नेपाल सरकारले निवृत्तीभरण, स्वास्थोपचार र ज्येष्ठ नागरिक लगायतलाई प्रदान गरिने मासिक भत्तामा आर्थिक वर्ष २०७८/७९ मा बजेट खर्चको सरदर १४.३८ प्रतिशत र कुल गार्हस्थ उत्पादनको ३.८८ प्रतिशत खर्च गरेको छ । यसमा अशक्त वृत्ति, स्वास्थ्य वीमा र विपन्न नागरिक औषधि उपचार खर्च समेत जोड्ने हो भने कुल गार्हस्थ उत्पादनको ४.४२ प्रतिशत हुन्छ । यो आफैंमा ठूलो खर्च हो । अझ यसमा कर्मचारी सञ्चय कोष, निवृत्तीभरण कोष र वीमाको रकम समावेश छैन । सामाजिक सुरक्षामा नेपाल सरकारको खर्च ठूलो भए पनि जनसङ्ख्याको ठूलो हिस्सा अझै सामाजिक सुरक्षामा समेटिएको छैन । निजी क्षेत्रमा श्रम कानून पूर्ण रुपमा कार्यान्वयन हुन सकेको छैन । चार वर्षअघि दीगो सामाजिक सुरक्षाको व्यवस्थापनमा सहयोगी हुन सक्ने योगदानमा आधारित सामाजिक सुरक्षा कार्यान्वयनमा आयो । यसका लागि गठित सामाजिक सुरक्षा कोषमा हालसम्म २० हजारभन्दा कम रोजगारदाता र साढे तीन लाख जति योगदानकर्ता मात्र आबद्ध छन् । कर्मचारी सञ्चय कोषमा पाँच लाख पचपन्न हजारभन्दा केही बढि सञ्चयकर्ता रहेका छन् । स्वीकृति प्राप्त अवकास कोषमा आबद्ध हुनेको संख्या यकिन छैन ।

नेपालमा कृयाशील श्रमशक्तिको ६२.२० प्रतिशतलाई रोजगारी दिने अनौपचारिक क्षेत्र, स्वरोजगार, र वैदेशिक रोजगारमा गएकाहरुको ठूलो हिस्सा सामाजिक सुरक्षाका संस्थागत प्रणालीभन्दा बाहिर छन् । सामाजिक सुरक्षा प्रणालीभन्दा बाहिर रहेका सबैलाई अबको पाँच वर्षमा समेट्न सकियो भने पनि आउँदो ३५ वर्षसम्म राज्यकोषबाट यसैगरी ठूलो हिस्सामा सामाजिक सुरक्षा खर्च व्यहोर्नुपर्ने हुन्छ । यो खर्च जोहो गर्न त्यति सहज भने छैन । राज्यकोषमा सामाजिक सुरक्षा खर्चको भार लगातार बढ्दो छ । आव २०७१/७२ देखि पछिल्ला आठ वर्षको सामाजिक सुरक्षा खर्चको प्रवृत्ति हेर्दा ज्येष्ठ नागरिकलगायतले पाउने सामाजिक सुरक्षा भत्ता लगभग सात गुणा र वार्षिक सरदर ३४.७३ प्रतिशतले बढेको छ। यही अवधिमा निजामती, शिक्षक, सेना तथा प्रहरीको निवृत्तीभरण खर्च लगभग साढे दुई गुणा र वार्षिक सरदर १४.३० प्रतिशतले बढेको छ । स्वास्थ्य वीमा कार्यक्रमले हालसम्म ६४ लाख ५० हजारको हाराहारी अर्थात् जनसंख्याको बाईस प्रतिशत समेटेको छ । स्वास्थ्य वीमामा आ.व. २०७४/७५ देखि २०७८/७९ सम्मको वास्तविक खर्च वार्षिक सरदर ६८.२४ प्रतिशतले बढ्दै गएको छ । यो कार्यक्रम परिपक्व हुञ्जेल यसको खर्च अझै बढ्दै जाने निश्चित छ ।

सामाजिक सुरक्षामा बढ्दो खर्चलाई धान्नका लागि राजस्व वृद्धि, रोजगार सिर्जना र आफ्नो खर्च धान्न सक्ने कोषको सुदृढीकरण र सामाजिक सुरक्षा योजनाहरुको कार्यान्वयनलाई योजनाबद्ध रुपमा अघि बढाउन आवश्यक हुन्छ । यी सबैलाई जनसङ्ख्याको बनोट श्रम बजारको प्रवृत्तिमा आउने परिवर्तन, मुलुकको आर्थिक वृद्धि, विकासको स्तर, गरीबीको रेखामुनि रहेको जनसङ्ख्या, व्यवसायको वातावरण र श्रम उत्पादकत्व आदिले असर पुऱ्याई रहेको हुन्छ । त्यसैले समय समयमा यस्ता तत्व समेतलाई हेरी सामाजिक सुरक्षा योजनाको दिगोपनाका लागि एक्च्युअरी विश्लेषण गर्ने र तद् अनुरुप सुधार गर्दै लाने विकसित मुलुकमा प्रचलन रहेको छ ।

नेपालको जनसङ्ख्यामा क्रमशः परिवर्तन भैरहेछ । औसत आयु बढ्दै गएको छ । जन्मदर घट्दो छ । नेपालको जनसङ्ख्यामा ०-१४ उमेर समूहको हिस्सा आगामी वर्षहरुमा निरन्तर घट्दै जाने र ज्येष्ठ नागरिकको अनुपातमा निरन्तर वृद्धि हुने देखिन्छ । २०७८ मा २८.८१ प्रतिशत रहेको ०-१४ उमेर समूहको हिस्सा अबको ३० वर्षमा १६.०४ प्रतिशतमा झर्ने र ४.२३ प्रतिशत रहेको ७० वर्ष माथिको जनसङ्ख्या ८.९३ प्रतिशत पुग्ने अनुमान छ । औसत आयु र स्वास्थ्य सेवाको विकाससँगै निवृत्तीभरण उमेर बढ्दै गए पनि राज्यले ज्येष्ठ नागरिकको लागि खर्च वृद्धि गर्दै जानुपर्ने देखिन्छ । नेपालमा सामाजिक सुरक्षासँग सम्बन्धित कोषहरु र कार्यक्रमको एक्चुअरी विश्लेषण हुने गरेको देखिन्न । दिगो प्रणाली स्थापनार्थ यस्तो विश्लेषण र तद्अनुरुपको योजना आवश्यक छ ।

नेपालमा जनसङ्ख्याको मात्र नभएर रोजगारीको प्रवृत्ति पनि बदलिंदो छ । परम्परागत रुपमा भनिदै आएको कृषिप्रधान देशको परिचय रोजगारको बदलिंदो प्रवृत्तिका कारण बदलिदै जाने सङ्केत देखिदैछ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको एक अध्ययनअनुसार आगामी २५ वर्षसम्म कृषि क्षेत्रको रोजगार वार्षिक सरदर १.५८ प्रतिशतले घट्ने र उद्योग तथा सेवा क्षेत्रमा क्रमशः वार्षिक सरदर ३.५१ प्रतिशत तथा ४.१५ प्रतिशतले बढ्ने देखाएको छ । यस हिसाबले अबको एक दशकभित्रै सेवा क्षेत्रले र २५ वर्षमा उद्योग क्षेत्रले कृषि क्षेत्रको रोजगारीलाई उछिन्ने देखिन्छ । सामाजिक सुरक्षाको दृष्टिमा जनसङ्ख्या बनोटको बदलिंदो प्रवृत्तिले दीगो सामाजिक सुरक्षा प्रणालीको माग गर्दछ भने रोजगारको बदलिंदो प्रवृत्तिले औपचारिक क्षेत्रको विस्तार गर्दै योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको दायरा विस्तारका लागि अवसर समेत प्रदान गरेको देखिन्छ ।

योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी कोषले भविष्यमा योगदानकर्तालाई योजनाअनुसारको रकम र सुविधा पुऱ्याउने जिम्मेवारी लिएको हुन्छ । स्थापित प्रणाली भएका मुलुकहरुले कोषमा जम्मा हुने रकमले भविष्यमा योगदानकर्तालाई यसले प्रदान गर्ने सामाजिक सुरक्षा योजना अनुसारको रकम तथा सेवा उपलब्ध गराउन सक्छ वा सक्दैन भनी निश्चित अवधिको अन्तरालमा एक्चुअरी विश्लेषण गर्ने गर्दछन् र सामाजिक सुरक्षासम्बन्धी कोषलाई बलियो बनाउँदै लाने गर्छन् । फ्रान्समा निवृत्तभरण कोष अन्य विकसित मुलुकको दाँजोमा कम अर्थात् कुल गार्हस्थ उत्पादनको १२.१० प्रतिशत रहेको छ । यस्तो कोष अमेरिकामा कुल गार्हस्थ उत्पादनको १७४.१० प्रतिशत, डेनमार्क २३३.२० प्रतिशत, आइसल्याण्ड २१८.६० प्रतिशत, निदरल्याण्ड्स २१३.३० प्रतिशत र स्वीट्जरल्याण्डमा १७०.९० प्रतिशत रहेको छ । यसबाट पनि सामाजिक सुरक्षाको दीगोपनाका लागि राज्यकोष भन्दा पनि योगदानमा आधारित सामाजिक सुरक्षा कोष भरपर्दो देखिन्छ ।

विकसित मुलुकका निवृत्तीभरण कोष योगदानमा आधारित सामाजिक सुरक्षा कोष हो । त्यहाँ राज्यकोषबाट ब्यहोर्ने सामाजिक सुरक्षाका अन्य पनि कार्यक्रम छन् तर योगदानमा आधारित कोषको हिस्सा ज्यादै ठूलो छ । नेपालमा भने योगदानमा आधारित सामाजिक सुरक्षाको हिस्सा ज्यादै सानो भएकाले विभिन्न मन्त्रालयअन्तर्गत सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमको विषयलाई दिगो सामाजिक सुरक्षाको सन्दर्भमा हेर्नुपर्ने हुन्छ । यी कार्यक्रमहरुका लागि राज्यकोषमा प्रत्येक वर्ष भार थपिंदो छ । यी कार्यक्रमहरुमा रहेका दोहोरोपना हटाएर खर्च कटौतीको सम्भावना पनि रहन्छ । कार्यक्रम छरिएर रहे पनि राम्रो पक्ष के छ भने सबै कार्यक्रमको डिजिटल सूचना प्रणाली र अभिलेख छ । यी सूचना प्रणालीहरुलाई एक आपसमा आबद्ध गरी एकीकृत सूचना प्रणाली स्थापना गर्दा लाभग्राहीले व्यक्तिगत रुपमा वा परिवारमा न्यूनतम् र अधिकतम के कति सुविधा प्राप्त गरेको भन्ने यथार्थ सूचना प्राप्त गर्न सकिन्छ र आगामी दिनमा एकीकृत सामाजिक सुरक्षा योजना बनाउन र योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको विस्तारमा सहयोगी सिद्ध हुन सक्छ । यसका लागि पारिवारिक लगतमा आधारित एकीकृत सामाजिक सूचना प्रणाली विकास गर्नुपर्ने हुन सक्छ ।

सामाजिक सुरक्षालाई दिगो बनाउन पूर्ण वा आंशिक रोजगार सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समेटदै लानु जरुरी छ । संसारभर योगदानमा आधारित कोषमा कामकाजी वर्गलाई शुरुदेखि नै समेट्दै निवृत्तभरण कोष र स्वास्थ्य वीमा प्रणालीलाई सबल बनाउने गरिएको छ । नेपालले पनि छरिएर रहेका कोषलाई एकीकृत गर्दै योगदानमा आधारित कोषलाई संस्थागत गर्न आवश्यक भैसकेको छ । स्वास्थ्य बीमासम्बन्धी कार्यलाई यस्तो कोषले स्वास्थ्य बीमा बोर्डमार्फत् सञ्चालन गर्दा स्वास्थ्य वीमाको कार्य संस्थागत हुनुका साथै दोहोरोपना पनि हट्न सक्छ । यो अवधारणाको सबल कार्यान्वयनबाट आगामी तीन चार दशकमा राज्यकोषबाट सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने लाभग्राहीको संख्या अहिले जसरी बढ्नुको साटो घट्दै जाने हुन्छ र सामाजिक सुरक्षाको दिगोपनाको आशा गर्न सकिन्छ । (लेखक सूचना तथा प्रशारण विभागका महानिर्देशक हुनुहुन्छ)

# लेनदेन सम्बन्धी अध्यादेश खारेज हुनु पर्ने माग

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा-महोत्तरी लेनदेन संघर्ष समितिले विभिन्न माग गर्दै जनकपुरधाममा विरोध प्रदर्शन गरेको छ ।

समितिले अनुचित लेनदेन सम्बन्धी सरकारले ल्याएको अध्यादेशले समाज नै खल्बल्याउने गरी व्यक्ति-व्यक्तिबीच वितृष्णा उत्पन्न भएको भन्दै तत्काल खारेज गर्नु पर्ने माग अघि बढाएको छ ।

बुधबार संघर्ष समितिको अगुवाईमा सयौं व्यक्तिहरु सहभागी रहेको सो जुलुश स्टेशनचोकबाट शुरु भइ जनकपुरधाम नगर क्षेत्रको परिक्रमा गर्दै सम्पन्न भएको थियो ।




प्रदर्शनमा सहभागीहरूले सरकारले लेनदेन सम्बन्धी अध्यादेश खारेज गर, मिटरब्याजको नाममा हुने साहु महाजनमाथि हुने अन्याय बन्द गर, कानुन बमोजिम गरिएको लगानी फिर्ता गरियोस्, ऋणब्याज बन्द होइन सहजीकरण गरियोस् भन्ने नारा लगाएका थिए ।

धनुषा महोत्तरी लेनदेन संघर्ष समितिका सचिव शम्भु यादवकाअनुसार मिटरब्याज भनेर साहु महाजनलाई कारबाही गर्न ल्याएको अध्यादेशले समाजमा कयौँको विवाह अवरुद्ध भएको, गाउँघरमा बिरामीले उपचार गराउन नपाएको र वैदेशिक रोजगारमा जानेहरुलाई समेत ठूलो समस्या भएको गुनासो पोखे । अध्यादेश खारेज गरी लेनदेनमा प्रतिबन्ध होइन सहजीकरण गरिदिन उनले माग गरे ।

उनीहरूले मिटरब्याजको नाममा भइरहेको लेनदेन आतंक बन्द गर्नुपर्ने, स्थानीय निकायमा जाँचबुझ गरी मात्र प्रमाणको आधारमा उजुरी दर्ता गर्ने प्रावधान, लेनदेन सम्बन्धी उजुरीबिना प्रमाण दर्ता गर्न नसक्ने, जिल्ला प्रशासन कार्यालयमा दर्ता उजुरीको जाँचबुझ तथा छलफलको अधिकार स्थानीय तहलाई देउ, कानुन बमोजिम साँवा र ब्याजसहित उपलब्ध हुनुपर्नेलगायत माग अघि सारेका छन् ।

# नि:शुल्क औषधि वितरण

**टुडे समाचारदाता**

जलेश्वर । संसारीमाइको पूजा मेलामा नि:शुल्क औषधि वितरण शिविर सुरु भएको छ ।




नयाँ मुस्कान सुधार केन्द्रको आयोजनामा पुजास्थल नजिकै सञ्चालन गरिएको शिविरमा सयौं सेवाग्राहीहरुले विभिन्न प्रकारको औषधिहरु वितरण गरिएको छ ।

केन्द्रका जलेश्वर शाखा प्रमुख अमन कुमार झाका अनुसार अत्यधिक गर्मीमा मेला भर्न आउने श्रद्धालु भक्तजनहरुलाई राहत दिने उद्देश्यले नि:शुल्क औषधि तथा पानी शिविरको आयोजना गरिएको छ ।

यो शिविर शुक्रबारसम्म चल्ने जनाइएको छ । यस अघि पनि केन्द्रले जलेश्वर लगायतको महोत्तरीको विभिन्न स्थानमा स्वास्थ्य शिविरको आयोजना गर्दै सेवा दिँदै आएको छ ।

# एमालेमा सवा लाख नयाँ सदस्यताको आवेदन

काठमाण्डु । नेकपा (एमाले) ले सञ्चालन गरेको 'मिसन ग्रासरुट' अभियानका अवधिमा एक लाख १९ हजार ९६ नयाँ सदस्यताको आवेदन परेको छ ।




गत मङ्सिर ४ गतेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा अपेक्षित नतिजा नआएपछि एमालेले पार्टी सुदृढीकरणका लागि गत फागुन ५ देखि वैशाख ९ गतेसम्म ' मिसन ग्रासरुट' सञ्चालन गरेको थियो । पार्टीका माथिल्ला र तल्ला कमिटीका नेता तथा कमिटी परिचालित सो अभियानका क्रममा उक्त स॒ख्यामा नयाँ सदस्यताको आवेदन परेको हो ।

उक्त आवेदनलाई अध्ययन गरी पार्टीको केन्द्रीय सङ्गठन विभागले स्वीकृति र नवीकरण भएका सदस्यको अद्यावधिक गर्ने सो पार्टीका जनसङ्गठन समन्वय संयन्त्रका संयोजक एवम् सङ्गठन विभागका सदस्य भानुभक्त ढकालले जानकारी दिनुभयो ।

एमालेले हालैको केन्दीय कमिटी र सचिवालयको निर्णयबमोजिम आउने असार मासन्तभित्र पार्टी सदस्यताको नवीकरण अद्यावधिक गराई भदौमा सबै प्रदेशको अधिवेशन सम्पन्न गर्ने तयारी गरिएको सचिवालयको बैठकपछि अध्यक्ष केपी शर्मा ओलीबाट जारी अन्तरपार्टी निर्देशन-७मा जनाइएको छ ।

मिसन ग्रासरुट अभियानको समीक्षा र भावी योजना तर्जुमाका लागि गत वैशाख २८ देखि ३० गतेसम्म एमालेको केन्द्रीय कमिटीको पाँचौं बैठक भएको थियो । अभियानका क्रममा देखिएका वैचारिक र साङ्गठनिक क्षेत्रका समस्या र चुनौतीलाई सम्बोधन गर्न सो पार्टीले विशेष योजनासहित निर्देशन जारी गरेको छ । साथै मनोनयनबाट थप भएकासहित तीन सय ४९ केन्द्रीय सदस्यको नयाँ कार्यविभाजन गरिएको छ ।

सो पार्टीका केन्द्रीय प्रचार तथा प्रकाशन विभागका सचिव गगन विष्टले अन्तरपार्टी निर्देशन पार्टीको सम्बन्धित पङ्क्तिमा पुगिसकेको प्रचार विभागको प्रमुखमा स्थायी कमिटीका सदस्य राजेन्द गौतमलाई जिम्मेवारी दिइएसँगै प्रचार कार्यले थप गति लिने बताउनुभयो ।

**एमालेमा ७० वर्ष उमेरहद हटाइयो**

नेकपा (एमाले) केन्द्रीय कमिटीको उमेर हद हटाइएको छ । पार्टीको केन्द्रीय कार्यालय सचिव डा भीष्म अधिकारीले पार्टीको विधानमा रहेको केन्द्रीय कमिटीको ७० वर्षको उमेर हद हटाइएको जानकारी दिनुभयो । यही वैशाख २८ देखि ३० गतेसम्म बसेको केन्द्रीय कमिटीको पाँचौं बैठकपछि पार्टीले हिजो (जेठ २३ गते) जारी गरेको अन्तरपार्टी निर्देशन-७ मा सो कुरा उल्लेख थियो ।

यसअघि पार्टीमा रहने केन्द्रीय सदस्यको उमेरहद ७० वर्ष तोकिएको थियो । अन्तरपार्टी निर्देशन-७ को विविध निर्णयअन्तर्गत् केन्द्रीय कमिटीको उमेर हदसम्बन्धी व्यवस्थामा ' पार्टी विधानमा रहेको ७० वर्षको उमेर हद हाललाई निलम्बन गर्ने' उल्लेख गरिएको हो । गत २०७० मा भएको नवौं महाधिवेशनदेखि केन्द्रीय कमिटी सदस्यका लागि लाई ७० वर्ष उमेर हदबन्दी लागू गरिएको थियो ।

पार्टीले सचिवालय बैठक, स्थायी कमिटी बैठक र केन्द्रीय कमिटी बैठकका निर्णय समावेश गरेर यो अन्तरपार्टी निर्देशन-७ जारी गरेको हो ।

यसैगरी अन्तरपार्टी निर्देशनमा पार्टीका पदाधिकारी, स्थायी कमिटी सदस्य र केन्द्रीय कमिटीका नेताको जिम्मेवारी पनि हेरफेर गरिएको छ । अन्तरपार्टी निर्देशनमा सबै प्रदेश अधिवेशन आगामी भदौ महिनाभित्र आयोजना गर्ने उल्लेख गरिएको छ । असोजदेखि चैत महिनासम्ममा जिल्ला, पालिका, वडा र टोलटोलका अधिवेशन सम्पन्न गर्ने कार्यतालिका बनाउने उल्लेख गरिएको छ ।

यसैगरी प्रदेश कमिटीको कामको महत्वलाई ध्यानमा राखी अब निर्वाचित हुनेसातप्रदेशका अध्यक्षपदेन पोलिटब्यूरो सदस्य सरह हुने र केन्द्रीय कार्यालय सचिवलाई पदेन केन्द्रीय सदस्यको रूपमा बैठकमा सहभागी गराइने अन्तरपार्टी निर्देशनमा उल्लेख गरिएको छ ।

यस्तै पार्टीमा युवा आकर्षण र युवा सहभागिता विस्तार गर्न नयाँ अभियान सञ्चालन गर्ने र त्यसका लागि अधिवेशन र पुनःगठनका माध्यमबाट आधारभूत तहका कमिटीमा एक तिहाई सदस्य ३५ वर्ष मुनिका पार्टी सदस्यलाई सङ्गठित गर्नेगरी युवालक्षित अभियान सञ्चालन गर्ने पनि जनाइएको छ । रासस

# भारतीय संसद्मा राखिएको नक्साका बारेमा महत्वपूर्ण छलफल भएको छ : प्रधानमन्त्री दाहाल

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भारतको संसद्मा प्रस्तुत भएको नक्साका बारेमा आफ्ना भारतीय समकक्षी नरेन्द्र मोदीसँग गम्भीर छलफल भएको बताउनुभएको छ ।

राष्ट्रिय सभाको बुधबारको बैठकमा सांसदहरुले उठाउनुभएको प्रश्नको जवाफमा प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "भारतीय पक्षसँग आफूले नक्साबारे कुरा गर्दा 'यो सांस्कृतिक नक्सा हो, राजनीतिक नक्सा होइन' भन्नुभएको छ । यसबारेमा थप अध्ययन गर्नुपर्छ ।" भ्रमणका क्रममा सीमा क्षेत्रमा हुने डुबानका बारेमा आवश्यक छलफल र सम्बन्धित अधिकारीलाई निर्देशन दिइएको जानकारी दिँदै उहाँले आगामी वर्षामा नै समस्या नआउने गरी काम गर्न निर्देश भएको बताउनुभयो ।

भ्रमणका क्रममा हवाई मार्गका बारेमा प्रस्ट शब्दमा अन्तर्राष्ट्रिय हवाई मार्गका रुपमा नेपालगञ्ज, महेन्द्रनगर, विराटनगरलगायत क्षेत्रमा प्रयोग गर्न पाउने गरी वातावरण बनाइदिन आग्रह गरेको प्रधानमन्त्री प्रचण्डले उल्लेख गर्नुभयो ।

"राम्रो भएकालाई राम्रो भन्ने हो, नभएकालाई नभएको र नराम्रो भन्ने हो । लो अल्टिच्युडको जहाज चल्ने वातावरण बनेको छ । केही भएको छैन भनेर नकारात्मक कुरा गर्नु आवश्यक छैन", उहाँले भन्नुभयो ।

कालापानी, लिपुलेकलगायत सीमा समस्या समाधानका लागि भ्रमणका क्रममा स्पष्ट शब्दमा छलफल भएको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "भारतीय प्रधानमन्त्री मोदीले नै नेपाल भारतबीच रहेको सीमा समस्या समाधान गर्ने विषयमा आफैँले संयुक्त पत्रकार सम्मेलनमा प्रस्ट प्रतिबद्धता आएको छ । उहाँले दुई देशबीचको सम्बन्धलाई सुपरहिट बनाउने भारतीय प्रधानमन्त्री मोदीको प्रतिबद्धता छ ।"

आफूले औपचारिकरुपमा कुनै पनि बैठकमा जमिन सट्टापट्टाका बारेमा कुराकानी नगरेको जानकारी दिँदै उहाँले यस विषयमा विभिन्न खालका मोडलहरु पनि छन् भनेर बुद्धिजीवीहरुले भन्दै आएको मात्रै भनेको बताउनुभयो ।

सीमा समस्या समाधानका बारेमा सरकारले नै अध्ययन गर्ने गरेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले बुद्धिजीवी, विशेषज्ञले नै सट्टापट्टाका बारेमा जानकारी दिने गरेको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "सीमा समस्या हल गरिन्छ । हल गर्छौं, दुनियाँका अगाडि उभिएर प्रतिबद्धता जनाउने कुरा आफैंमा महत्वपूर्ण छ । भारतीय प्रधानमन्त्रीले पनि पहिलो पटक समस्या समाधान गर्नुपर्छ, भनेर भारतीय प्रधानमन्त्रीले पनि प्रतिबद्धता जनाउनुभएको छ ।"

मुलुकभित्र उत्पादित बिजुली स्वदेशमा नै खपत गर्ने तथा खपत बढाउने विषयमा सरकारले ध्यान दिएको र सोही अनुसारको नीति अगाडि सारेको उल्लेख गर्दै प्रधानमन्त्रीले तत्काल खपत बढाउन नसकिने भएकाले बिजुली निर्यातको विकल्प नभएको बताउनुभयो । विकास र समृद्धिका लागि सबै नेपालीको साझा मत हुनुपर्नेमा त्यसो हुन नसकेकामा प्रधानमन्त्रीले गुनासो गर्नुभयो । इतिहासदेखि थाँती रहेका सबै समस्या समाधानका लागि विश्वासको वातावरण बनाएर अगाडि बढ्नुपर्छ भन्नेमा भ्रमणका समयमा स्पष्टसँग छलफल भएको बताउनुभयो ।



सीमा समस्या समाधानका लागि विश्वासको वातावरण बनाउने भन्ने विषयमा स्पष्टसँग कुरा भएको उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभयो, "नेपाल समृद्ध हुने वातावरण बन्यो, नेपालमा लगानी बढ्ने वातावरण बन्यो । बलियो राष्ट्रिय एकता प्रदर्शन गर्ने बेला हो यो ।" टनकपुरमा सिँचाइका लागि पानी आउने वातावरण बनेको र पञ्चेश्वरमा २६ वर्षदेखि हुन नसकेको विषयमा समेत महत्वपूर्ण सहमति भएको प्रधानमन्त्रीको भनाइ छ ।

भारत भ्रमणमा जाने दिन आफ्नो भ्रमणका बारेमा राष्ट्रपतिलाई जानकारी दिन गएको, नागरिकता विधेयक जारी गर्नुस् भन्न नगएको प्रस्ट पार्नुभयो ।

सङ्घीय संसद्ले दुई-दुईपटक पारित गरेको नागरिकता विधेयक जारी गर्न राष्ट्रपतिलाई अनुरोध गरिएको प्रधानमन्त्रीको भनाइ छ । नागरिकता विधेयकको स्थिति र अरू विधेयकको अवस्था फरक हो भनेर बुझ्न नहुने उल्लेख गर्दै प्रधानमन्त्रीले राष्ट्रपतिसँग पुगेको विधेयक शून्य हुन्छ भनेर संविधान वा कानुनमा कल्पनासमेत नगरिएको बताउनुभयो ।

संविधान र लोकतन्त्रको रक्षा गर्ने महत्वपूर्ण विषय यसभित्र रहेको स्पष्ट पार्दै प्रधानमन्त्रीले सदनले पठाएको महत्वपूर्ण विधेयक मन लाग्दा प्रमाणित गर्ने, मन नलाग्दा प्रमाणित नगर्ने अवस्था आएकाले सरकारले राष्ट्रपतिलाई अनुरोध गरिएको स्पष्ट पार्नुभयो ।

नागरिकतासम्बन्धी ऐनका विषय अदालत प्रवेश गरेकाले त्यसलाई निर्णय गर्न छाडिनुपर्ने प्रधानमन्त्रीको भनाइ छ ।

प्रधानमन्त्री प्रचण्डले भारतीय सरकारी कम्पनी एनएचपिसीसँग फुकोट कर्णाली जलविद्युत् आयोजना निर्माणका सम्बन्धमा सहमति भएको बताउनुभयो । भ्रमणका क्रममा कृषि क्षेत्रको विकासका लागि धेरै महत्वपूर्ण सहमति भएको, त्यसबाट कृषि उत्पादन बढ्ने र रोजगारी वृद्धि हुने प्रधानमन्त्रीले विश्वास व्यक्त गर्नुभयो ।

उखु खेतीको व्यावसायिक विकासका लागि नयाँ प्रजाति आउनु, कफीको नयाँ प्रजाति ल्याउनु महत्वपूर्ण रहेको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले नेपालको दुग्ध उत्पादन वृद्धिका लागि मुर्रा प्रजातिको राँगो यति नै बेला आउनु झनै राम्रो भएको बताउनुभयो ।

भ्रमण दल ४० को आसपासमा रहेको र जम्बो नभएको स्पष्ट पार्दै प्रधानमन्त्रीले त्यस क्रममा इपिजीका बारेमा पनि छलफल भएको स्पष्ट पार्नुभयो । नेपाली राष्ट्रिय हितको पक्षमा आफ्नो विवेक वा वर्कतले भ्याएसम्म भ्रमणका क्रममा प्रयास गरेको जानकारी दिँदै त्यसमा कुनै द्विविधा नराख्न आग्रह गर्नुभयो ।

भ्रमणका क्रममा कस्ले स्वागत गऱ्यो भन्ने विषय उति महत्वपूर्ण नभएको स्पष्ट पार्दै प्रधानमन्त्री प्रचण्डले आफू कुनै अपमानित नभएको बरु सम्मानित भएर आएको बताउनुभयो । एउटै भ्रमणबाट धेरै विषय भयो त आफूले नभन्ने बरु यसबाट विकास र समृद्धिमुखी भएको उहाँको भनाइ छ ।

प्रधानमन्त्री प्रचण्डलाई सांसदहरु अनिता देवकोटा, भगवती न्यौपाने, इन्दिरादेवी गौतम, जितेन्द्रनारायण देव, शारदादेवी भट्ट, भैरवसुन्दर श्रेष्ठ, डा विमला राई पौडेल, दिलकुमार रावल, थापा पार्वती, गोपाल भट्टराई, कुमार दसौदी, सुमित्रा बिसी, जगप्रसाद शर्मा, तुलसाकुमारी दाहाल, इन्दु कडरिया लगायतले प्रश्न गर्नुभएको थियो । रासस

# मेरो भारत भ्रमण आर्थिक विकास र समृद्धिमा केन्द्रितः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो भारत भ्रमण आर्थिक विकास र समृद्धिका लागि केन्द्रित भएको बताउनुभएको छ । राष्ट्रियसभाको आजको बैठकमा सार्वजनिक महत्वको विषयमा वक्तव्य दिनुहुँदै उहाँले भ्रमणले दुई देशबीच आपसी विश्वास बढाउन तथा आर्थिक विकासलाई केन्द्रमा राख्न सफल भएको बताउनुभयो ।

प्रधानमन्त्री दाहालले भारतीय समकक्षी नरेन्द्र मोदीसँग भएको भेटवार्ता महत्वपूर्ण रहेको उल्लेख गर्दै भ्रमण विशेष गरी विद्युत् व्यापार, कृषि, सुक्खा बन्दरगाह, पारवहनलगायतका विषयमा केन्द्रित रहेको जानकारी दिनुभयो । उहाँले भ्रमणका क्रममा भारतसँग अतिरिक्त हवाई प्रवेश विन्दुको अनुमतिका विषयमा समेत महत्वपूर्ण र सकारात्मक छलफल अगाडि बढेको जानकारी बताउनुभयो । उहाँले जलविद्युत् क्षेत्रमा सहकार्य गर्ने सन्दर्भमा पनि उत्तिकै गम्भीर छलफल एवम् सहमति भएको भनाइ राख्नुभयो ।

"भारतीय भूमि हुँदै बङ्गलादेशसँग बिजुली व्यापारका लागि सहमति भएको छ । भारतीय प्रधानमन्त्रीले नेपालबाट आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली आयात गर्ने बताउनुभएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो । यसले माथिल्लो तामाकोशी जलविद्यत्लगायतका आयोजनाबाट उत्पादित बिजुली निर्यात हुने वातावरण बनेको जानकारी दिनुभयो । जलविद्युत्को बजार सुनिश्चित भएको र त्यसले मुलुकको ऊर्जा क्षेत्रमा थप लगानीका लागि मार्ग प्रशस्त भएको, पञ्चेश्वर आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तीन महिनाभित्र पूरा गर्ने र एक वर्षभित्र कार्यान्वयनको ढाँचा तय गर्ने सहमति भएको प्रधानमन्त्रीको भनाइ छ । टनकपुरमा पानी उपलब्ध गराउने र सीमावर्ती क्षेत्रमा हुँदै आएको बाढी तथा डुबान नियन्त्रणका लागि दुवै देशका प्रधानमन्त्रीले निर्देशन दिएकोसमेत प्रधानमन्त्रीले जानकारी दिनुभयो । साथै झुलाघाट, पूर्णागिरीलगायतका क्षेत्रमा मोटरेबल तथा झोलुङ्गे पुल निर्माणका विषयमा पनि भारतीय पक्षसँग छलफल भएको उहाँको भनाइ छ ।

कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि महत्वपूर्ण छलफल भएको जानकारी दिँदै प्रधानन्त्रीले नेपालमा रासायनिक मल कारखाना स्थापनाका लागि पनि सकारात्मक वातावरण बनेको उल्लेख गर्नुभयो । व्यापार सहजीकरण, व्यापार घाटा कम गर्ने, जुटमा लाग्दै आएको थप महसुल हटाउने विषयमा पनि भ्रमणका अवधिमा छलफल भएको उहाँको भनाइ छ । नेपाल र भारतबीच रहेको सीमा समस्या समाधान गर्ने विषयमा भारतीय प्रधानमन्त्री मोदीले पनि संयुक्त पत्रकार सम्मेलनमा नै प्रतिबद्धता व्यक्त गर्नुभएको सदनलाई जानकारी दिनुभयो ।

निर्माणाधीन रेलमार्गलाई गति दिने र निर्माण सम्पन्न भएका आयोजनालाई शीघ्र सञ्चालनमा ल्याउने विषयमा दुई देशबीच सहमति भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले विराटनगर कार्गो रेल सेवामार्फत जोडिएको बताउनुभयो ।

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा नेपालगञ्जमा निर्माण भएको एकीकृत जाँच चौकीको उद्घाटन, सुनौलीमा एकीकृत चाँज चौकीको शिलान्यास, मोतिहारी हुँदै अमलेखगञ्जसम्मको पेट्रोलियम पाइप लाइन अब लोथरसम्म निर्माण हुने सहमति भएको प्रधानमन्त्रीको भनाइ छ । पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि देशका विभिन्न स्थानमा थप पाइप लाइन निर्माणबारेमा पनि सहमति भएको उहाँको भनाइ छ ।

यसैगरी न्यू बुटवल गोरखपुर चार सय केभी प्रसारण लाइन निर्माणका लागि भ्रमणका क्रममा नै शिलान्यास भएको प्रधानमन्त्रीले उल्लेख गर्नुभयो । भ्रमणका क्रममा विभिन्न सात विषयमा महत्वपूर्ण सम्झौतामा हस्ताक्षर भएको जानकारी दिँदै प्रधानमन्त्रीले व्यापार तथा पारवहन सन्धिमा हस्ताक्षर भएको, त्यसमा केही दुरगामी महत्वका प्रावधान समावेश गरिएको बताउनुभयो ।

त्यसबाट ब्लक कार्गो ढुवानी गर्ने सहमति भएको, भारतीय विभिन्न जलमार्गको प्रयोग गर्न सक्ने वातावरण बनेको उहाँको भनाइ छ । दोधारा चाँदनीमा सुक्खा बन्दरगाह निर्माण हुने वातावरण बनेको उल्लेख गर्दै प्रधानमन्त्रीले आगामी दिनमा निर्माण हुने विशेष आर्थिक क्षेत्रको सञ्चालन, औद्योगिक वातावरण बनाउन सहज हुने विषयमा छलफल भएको जानकारी दिनुभयो । फुकोट कर्णाली जलविद्युत् आयोजना निर्माणमा भारतीय कम्पनीसँग संयुक्त उपक्रम निर्माण गरी अगाडि बढाउने, कूल छ सय ७९ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत् आयोजना निर्माणका सन्दर्भमा पनि भ्रमणका क्रममा आवश्यक सहमति भएको प्रधानमन्त्रीको भनाइ छ । त्यस्तै, दुई देशबीच सहजरुपमा अन्तरदेशीय विद्युतीय भुक्तानीका विषयमा पनि सम्झौता भएको उहाँले जानकारी दिनुभयो ।रासस

# राजनीतिक नेतृत्वले नै अराजकतालाई प्रश्रय दिए : सांसदहरु

काठमाण्डु । राष्ट्रियसभाका मंगलबारको बैठकमा सांसदहरुले राजनीतिक नेतृत्वले नै अराजकतालाई प्रश्रय दिएको भन्दै त्यसलाई नियन्त्रण गर्न माग गर्नुभएको छ ।

राष्ट्रियसभाको मंगलबारको बैठकमा सांसद उदयबहादुर बोहोराले बजेट निर्माणका क्रममा भएका कमजोरीमा संलग्नलाई कारवाहीको दायरामा ल्याउन माग गर्नुभयो ।

सांसद गोमादेवी तिमिल्सिनाले मुलुकभित्र फैलिरहेको गरेको अराजकता अन्त्यका लागि सबैको साझा प्रयत्न जरुरी रहेको बताउनुभयो । प्रतिनिधिसभामा अमर्यादित भाषाको प्रयोग भइरहेकामा उहाँले आपत्ति प्रकट गर्नुभयो । सांसद दुर्गा गुरुङले देशका विभिन्न स्थानमा भइरहेको सडक दुर्घटनाप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले सुर्खेतमा स्वास्थ्यकर्मीले सेवा सुविधा पाउन नसकेकामा गुनासो गर्नुभयो ।

सांसद नारायणदत्त मिश्रले कैलालीको एक सडक निर्माणमा सङ्घीय र प्रदेश सरकारले ध्यान नदिएकामा गुनासो गर्नुभयो । सांसद नारायणप्रसाद दाहालले सदनमा देखिएका अराजकताले जनप्रतिनिधिबारे जनता बीचमा नराम्रो सन्देश दिएको बताउनुभयो । सांसद भुवनबहादुर सुनाले भूमिहन, दलित सुकुम्बासीलाई आगामी आर्थिक बर्षको बजेटले कुनै सम्बोधन गर्न नसको भन्दै सरकारको ध्यानकर्षण गराउनुभयो ।

सांसद राजेन्द्रलक्ष्मी गैरले बजारमा खाद्य पदार्थको मूल्य दैनिक जसो वृद्धि हुँदा जनजीवन प्रभावित भएकाले त्यसलाई नियन्त्रण गर्न माग गर्नुभयो ।

सांसद सुरेशकुमार आले मगरले सामान्य कुरालाई उचालेर सदनको काम कारवाहीलाई प्रभावित बनाउने रोग प्रतिनिधिसभामा देखिएको भन्दै राष्ट्रियसभामा त्यस्तो हुन नहुने बताउनुभयो । रासस

# सदस्यमा कंसाकार

काठमाण्डु । प्रतिनिधिसभामा सदस्य बिन्दवासिनी कंसाकार महिला तथा सामाजिक मामिला समितिमा मनोनीत हुनुभएको छ । उहाँ राष्ट्रिय स्वतन्त्र पार्टीबाट समानुपातिक सदस्यका रुपमा सांसद बन्नुभएको हो ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७७ बमोजिम सभामुख देवराज घिमिरेले सांसद कंसाकारलाई समिति सदस्यमा मनोनयनका लागि प्रस्ताव गर्नुभएकोमा बैठकले सहमति जनाएको हो । रासस

# पाकिस्तानको हाइब्रिड मोडल तीन देशले गरे अस्वीकार

**टुडे समाचारदाता**

जनकपुरधाम। श्रीलंका, अफगानिस्तान र बंगलादेशले एसिया कप एकदिवसीय क्रिकेट प्रतियोगिताका लागि पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी) ले प्रस्ताव गरेको हाइब्रिड मोडल औपचारिक रूपमा अस्वीकार गरेका दाबी गरिएको छ।

यसले पाकिस्तानले आफ्नो देशमा प्रतियोगिता आयोजना गर्ने प्रयासलाई थप कमजोर बनाएको छ। श्रीलंका क्रिकेट (एसएलसी), बंगलादेश क्रिकेट बोर्ड (बीसीबी) र अफगानिस्तान क्रिकेट बोर्ड (एसीबी) ले चार खेल पाकिस्तानमा आयोजना गर्ने र बाँकी खेल युएईमा गर्ने हाइब्रिड मोडल औपचारिक रूपमा अस्वीकार गर्दै पत्र लेखेका छन्।




पाकिस्तानका पूर्व कप्तान रशीद लतिफले भनेका छन्, 'भारत र ३ देशले एसिया कपका लागि हाइब्रिड मोडल अस्वीकार गरे, एउटै स्थानमा हुने पर्नेमा सहमती जनाएका छन्।' उनले क्रिक बजसँग कुरा गर्दै भनेका छन्, ' मलाई स्वतन्त्र स्रोतहरूबाट जानकारी छ कि चार देशले मोडेल अस्वीकार गरेका छन् र यो अब औपचारिकता हो कि एसिया कप पाकिस्तानबाट बाहिर सारिनेछ।'

उनले पाकिस्तानले प्रतियोगिता खेल्ने विश्वास गरे। 'मलाई लाग्छ पाकिस्तानले खेल्नु पर्छ र खेल्नेछ।' यसअघि पाकिस्तानले आफ्नो देशमा प्रतियोगिता नभए एसिया कपसँगै भारतमा हुने एकदिवसीय विश्वकप समेत नखेल्ने चेतावनी दिएको थियो । भारतले पाकिस्तान भ्रमण नगर्ने बताएसँगै पाकिस्तानमा तय भएको एसिया कपको आयोजकको विषयमा विवाद सुरु भएको थियो। जससँगै पाकिस्तानले भारतका खेल युएईमा गर्ने प्रस्ताव गरेको थियो। पाकिस्तानमा एसिया कप हुन नसके श्रीलंकाले आयोजना गर्ने सम्भावना छ। आगामी सेप्टेम्बरको दोस्रो साताबाट सुरु हुने ६ टिमको एसिया कपमा भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, अफगानिस्तान र नेपालले भाग लिनेछन्। एक समूहमा नेपाल, भारत र पाकिस्तान तथा अर्को समूहमा श्रीलंका, अफगानिस्तान र बंगलादेशले प्रतिस्पर्धा गर्ने तय छ।

# साउदी क्लबमा आबद्ध भएपछि बेन्जेमा

**एजेन्सी**

काठमाण्डु । बालोन डि'ओर विजेता फ्रेञ्च फरवार्ड करिम बेन्जेमाले स्पेनिस क्लब रियल म्याड्रिड छोडेपछि साउदी अरबको च्याम्पियन अल-इतिहादसँग सम्झौता गर्न सहमत भएका छन्।




उनी दुई वर्षका लागि ५६ अर्ब ४३ लाख रुपैयाँ (४ सय मिलियन युरो) मा आबद्ध भएको दाबी गरिएको छ। ३५ वर्षीय बेन्जेमाले म्याड्रिडसँग १४ वर्षमा ५ च्याम्पियन्स लिग र चार ला लिगासहित २५ ट्रफी जितेका थिए। यो सिजन सम्झौता सकिएपछि साउदी गएका बेन्जेमाले रियलका लागि ३५४ गोल गरेका थिए। उनी रियलका लागि क्रिस्टियानो रोनाल्डोपछि दोस्रो सर्वाधिक गोलकर्ता हुन्। रियलमा ४५० गोल गरेका रोनाल्डो अर्को साउदी क्लब अल-नासरबाट खेलिरहेका छन्। 'राम्रो लिग हो र यहाँ धेरै राम्रा खेलाडीहरू छन्,' बेन्जेमाले भने, 'क्रिस्टियानो रोनाल्डो पहिले नै छन्। यसले साउदी अरबको लिगले आफ्नो स्तरलाई अझ अगाडि बढाउन थालेको देखाउँछ। म युरोपमा जस्तै जित्नको लागि यहाँ छु।'

उनले अघि भने, 'म फरक देशमा नयाँ फुटबल लिगको अनुभव गर्न पाउँदा उत्साहित छु।' पूर्व वुल्भ्स र टोटेनहमका प्रशिक्षक नुनो एस्पिरिटो सान्तो अल-इतिहादको प्रशिक्षक छन्।

# नेपालमा खेलकुदको अवस्था, न दक्ष प्रशिक्षक न त आधुनिक प्रशिक्षण शैली

**टुडे समाचारदाता**

काठमाण्डु । विश्व खेलकुदमा एउटा भनाइ निकै चर्चित छ, 'हरेक खेलाडीले जित्ने पदकमा एउटा दक्ष प्रशिक्षकको छायाँ प्रतिविम्बित हुन्छ ।' यसको अर्थ हो, खेलाडीको हरेक सफलता वा असफलतासँग उसको प्रशिक्षक अभिन्न रुपमा जोडिएको हुन्छ ।

खेलाडीलाई खेल कौशल सिकाउने, उनीहरूको कमजोरी पत्ता लगाएर त्यसमा सुधार ल्याउने, उपयुक्त पोजिसनमा सही खेलाडीलाई खेलाउने, खेलाडीको स्वास्थ्यमा विशेष ध्यान दिने, खेलाडीको व्यवस्थित खानपिनमा ध्यान पुऱ्याउने अनि, बेलाबखत विश्व खेलकुदमा परिवर्तन भइरहने खेलका नियमहरुबारे खेलाडीलाई अवगत गराउनेजस्ता विभिन्न भूमिकामा सक्रिय रहन्छन्, प्रशिक्षक ।

खेलाडी काँचो माटो हुन् भने प्रशिक्षक कुशल मूर्तिकार। विश्व खेलमञ्चमा खेलाडीले उत्कृष्ट प्रदर्शन गरेर पदक जितेको सबैले देख्छ । अब्बल प्रदर्शन गरेपछि एउटा खेलाडीले हजारौँ/लाखौँ समर्थकको प्रसंशा पाउँछ । देशको प्रतिष्ठा बढाएकोमा खेलाडी पुरस्कृत पनि हुन्छ । विश्व खेलकुदमा यो नियमित प्रक्रिया पनि हो ।

पक्कै पनि, खेल मैदानमा प्रतिस्पर्धा गरेर पदक जित्ने खेलाडीले नै हो । तर, प्रत्येक सफल खेलाडीको पछाडि एउटा क्षमतावान् प्रशिक्षकको हात रहेको हुन्छ । सायद त्यसैले नै दक्ष र प्रतिभाशाली खेलाडी उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रशिक्षकलाई 'पर्दा पछाडिको नायक' भनिएको होला ।

त्यसैले विश्व खेलकुदमा प्रशिक्षकको भूमिका महत्त्वपूर्ण रहन्छ । नेपाली खेलकुद पनि यसको अपवाद रहन सक्दैन । तर, नेपाली खेलकुदमा विगतदेखि नै प्रशिक्षकको भूमिकालाई खासै महत्त्व दिने गरेको पाइँदैन ।

तुलनात्मक रुपमा विगतमा नेपाली खेलकुदमा क्षमतावान् प्रशिक्षकको बाहुल्य थियो । खेलाडीहरुले पनि अनुभवी र दक्ष प्रशिक्षकको रेखदेखमा प्रशिक्षित हुने अवसर पाएका थिए ।

कुनै समय नेपाली खेलकुदमा भारतको पटियाला (नेताजी सुभाष राष्ट्रिय क्रीडा संस्थान), जर्मनी, रुसलगायतका स्थानबाट प्रशिक्षण कोर्स गरेर आएका प्रशिक्षकको दबदबा थियो ।

खेलकुद व्यवस्थापनले आफ्ना प्रशिक्षकहरुलाई नियमित रूपमा वैदेशिक प्रशिक्षणमा पठाएर उनीहरूको सीप तिखार्ने काम गर्थ्यो । त्यसैको प्रत्यक्ष प्रभाव विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडीको प्रदर्शनमा झल्किन्थ्यो ।

**खेलाडी धेरै, प्रशिक्षक निकै कम**

अघिल्लो वर्ष असोजमा गण्डकी प्रदेशका विभिन्न जिल्लामा वृहत राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना भयो । प्रतियोगितामा विभिन्न ११ वटा टोलीका खेलाडी सहभागी थिए ।

पुरुषतर्फ तीन हजार चार सय १४ र महिलातर्फ दुई हजार सात सय १३ गरी कुल ६ हजार एक सय २७ जना खेलाडीले उक्त वृहत राष्ट्रिय खेलकुदमा सहभागिता जनाएका थिए ।

त्यसअघि वृहत राष्ट्रिय खेलकुदका लागि सातवटै प्रदेशमा छनोट प्रतियोगिता आयोजना भएको थियो । प्रदेशस्तरीय छनोट प्रतियोगितामा पनि हजारौँ खेलाडीले भाग लिएका थिए। गण्डकीमा भएको छनोट प्रतियोगितामा मात्र करिब तीन हजार पाँच सय खेलाडी सहभागी भएका थिए । अन्य प्रदेशमा पनि यही हाराहारीमा खेलाडीले भाग लिएका थिए ।

प्रदेशस्तरीय छनोटअघि देशका ७७ वटै जिल्लामा पनि छनोट प्रतियोगिता आयोजना भएका थिए। जिल्लास्तरीय छनोट प्रतियोगितामा पनि निकै ठूलो संख्यामा खेलाडीले सहभागिता जनाएका थिए । यसको अर्थ, देशभर लाखौँको संख्यामा सक्रिय खेलाडी छन् ।

तर, यति ठूलो संख्यामा रहेका खेलाडीको क्षमता तिखार्ने प्रशिक्षकको संख्या भने अत्यन्तै कम छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) को पछिल्लो तथ्याङ्क अनुसार, हाल राखेपमा तीन सय ३७ जनामात्र स्थायी प्रशिक्षक छन् ।

यसका अतिरिक्त राखेपसँग ८३ जना करारका प्रशिक्षक छन् । यही चार सय २० जना प्रशिक्षकले अहिले देशभरको खेलकुदलाई चलायमान बनाउनु पर्ने बाध्यता छ । यही प्रशिक्षकले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि दक्ष खेलाडी उत्पादन गर्नुपर्ने हुन्छ ।

राखेपको यो तथ्याङ्कलाई हेर्दा पछिल्लो समय नेपाली खेलकुदमा दक्ष र अनुभवी प्रशिक्षको अभाव खड्कँदै गएको देखिन्छ । लामो समयदेखि प्रशिक्षकलाई वैदेशिक प्रशिक्षणमा पठाउने कार्य अवरुद्ध भएको छ । त्यसैले पनि नेपाली खेलकुदमा दक्ष प्रशिक्षक तयार हुन सकिरहेका छैनन् ।

**कसरी हुन्छ खेलाडी उत्पादन ?**

खासगरी २०४६ सालको राजनीतिक परिवर्तनपछि प्रशिक्षकलाई वैदेशिक प्रशिक्षणमा पठाउने कार्यमा कमी आउन थालेको देखिन्छ । पछिल्लो ३४ वर्षको अवधिमा राखेपमा कार्यरत दक्ष स्थायी प्रशिक्षकहरु निरन्तर घट्नेक्रममा छन् ।

निकैअघि विदेशमा प्रशिक्षण कोर्स गरेर आएका प्रशिक्षकहरु राखेपबाट सेवानिवृत्त हुने क्रम बढेपछि त्यसको प्रत्यक्ष असर खेलाडी उत्पादनमा परेको छ । आवश्यक पूर्वाधार नै । स्वभाविक रुपमा, प्रशिक्षक जति दक्ष बन्यो, उसले उत्पादन गर्ने खेलाडी पनि त्यत्तिकै प्रतिभाशाली हुन्छन् । क्षमतावान् प्रशिक्षकको अनुपस्थितिमा ठूला अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडीले सफलता हात पारेको उदाहरण विश्व खेलकुदमा पाउन मुश्किल छ ।

अझ खेलकुदलाई उच्च प्राथमिकतामा राखिने देशहरुमा त खेलाडीहरुले आफ्नो छुट्टै प्रशिक्षक राख्ने प्रचलन पनि छ। खासगरी व्यक्तिगत रुपमा खेलिने खेलका खेलाडीले आफ्नै लगानीमा क्षमतावान प्रशिक्षकहरु नियुक्त गरेका हुन्छन् । तर, चरम आर्थिक समस्यासँग जुध्न बाध्य नेपाली खेलाडीका लागि त यो 'आकाशको फल' बराबर छ ।

कुनै समय राखेपमा ६ सय ६० जना प्रशिक्षक कार्यरत थिए। त्यति बेला खेलाडीको संख्या पनि निकै कम थियो। पछिल्लो समय देशव्यापी रूपमा खेलाडीको संख्या बढेको छ । व्यावसायिक बन्ने क्रममा अग्रसर नेपाली खेलकुदमा आफ्ना सन्तानको भविष्य उज्ज्वल देख्ने अभिभावकको संख्या पनि क्रमशः बढ्दो छ ।

तर, अर्कोतिर राखेपमा कार्यरत प्रशिक्षकको संख्या भने निरन्तर घट्दो छ। हाल राखेपमा भएका प्रशिक्षकमध्ये पनि विदेशमा प्रशिक्षणको कोर्स गरेर फर्किएकाभन्दा खेलाडीको भूमिकाबाट अनुभवका आधारमा प्रशिक्षक बनेकाहरूको संख्या अधिक छ ।

विदेशमा छुट्टै प्रशिक्षणको कोर्ष गरेर फर्किएका प्रशिक्षकको संख्या निकै कम छ । अवस्था यस्तै रहने हो भने अबको केही वर्षभित्रै राखेपमा वैदेशिक प्रशिक्षण गरेर फर्कने प्रशिक्षकको संख्या एक अंकमा घट्ने अवस्था देखिन्छ ।

खेलाडी उत्पादन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि खेलाडी तयार पार्ने जिम्मेबारी राखेपअन्तर्गतको तालिम तथा प्रशिक्षण विभागले निर्वाह गर्नुपर्ने हुन्छ । तर, तालिम तथा प्रशिक्षण विभागका निर्देशक प्रचण्ड शर्मा प्रशिक्षकको संख्या निरन्तर घट्दै गएकोमा चिन्तित देखिन्छन् ।

'प्रतिभाशाली खेलाडी उत्पादन गर्ने भनेको प्रशिक्षकले नै हो । कुनै समय राखेपमा ६ सय ६० जना प्रशिक्षक थिए तर, अहिले प्रशिक्षकको संख्या निकै कम छ,' शर्मा भन्छन्, 'सिमित प्रशिक्षकबाट देशभरका खेलाडीको प्रशिक्षण धान्नु पर्ने अवस्था छ ।'

देशभरबाट विभिन्न खेलका प्रशिक्षकको माग भए पनि भनेको समयमा प्रशिक्षक उपलब्ध गराउन नसकिएको बताउँछन् । 'नियमित रुपमा हुने अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि पनि प्रशिक्षण सञ्चालन गर्नुपर्ने हुन्छ । देशभरबाट प्रशिक्षकको माग हुन्छ तर, भनेको समयमा प्रशिक्षक उपलब्ध गराउन सकिँदैन,' निर्देशक शर्मा भन्छन् । उनी यस्तो अवस्थामा सम्बन्धित खेलका संघहरु अझ बढी जिम्मेबार बन्नुपर्ने धारणा ब्यक्त गर्छन् ।

**छैनन् प्रथम श्रेणीका प्रशिक्षक, दोस्रो श्रेणी पनि रित्तिदै**

क्षमतावान प्राविधिक जनशक्तिका रूपमा चिनिने प्रथम श्रेणीका प्रशिक्षक कुनै समय राखेपमा २२ जना थिए । तर, अहिले राखेपसँग एकजना पनि प्रथम श्रेणीका प्रशिक्षक छैनन् । राखेपअन्तर्गतको तालिम तथा प्रशिक्षण विभागका पूर्वउपनिर्देशक नवीन उप्रेती र जयन्तकुमार शर्मा सेवा निवृत्त भएसँगै राखेपमा प्रथम श्रेणीका प्रशिक्षक रित्तिएका हुन् ।

यसैगरी, हाल राखेपमा दोस्रो श्रेणीका प्राविधिक १८ जनामात्र छन् । दुई वर्षअघिसम्म राखेपमा दोस्रो श्रेणीका प्रशिक्षकको संख्या ४९ थियो । दुई वर्षको अवधिमा दोस्रो श्रेणीका ३१ जना प्रशिक्षक सेवा निवृत्त भइसकेका छन् ।



एकातिर पुराना प्रशिक्षक क्रमशः सेवानिवृत्त हुँदै जाने, अर्कोतिर नयाँ प्रशिक्षक उत्पादन प्रक्रिया अवरुद्ध हुने स्थिति आएपछि नेपाली खेलकुदमा दक्ष प्रशिक्षकको अभाव देखिन थालेको हो ।दक्षिण एसियाली खेलकुद (साग)जस्ता क्षेत्रीय प्रतियोगिताहरुमा नेपालको उपस्थिति सन्तोषजनक नै छ । तर, एसियाली खेलकुदमा सहभागिताको ७२ वर्ष बितिसक्दा पनि नेपालले पदक तालिकामा स्वर्ण पदकको यात्रा तय गर्न सकेको छैन ।

ओलम्पिक, विश्व च्याम्पियनसिपजस्ता ठूलो प्रतियोगितामा पदक जित्नु त नेपालका लागि अझै पनि ' एकादेशको कथा' नै सावित हुँदै आएको छ ।

ओलम्पिक खेलकुदमा त अपबादलाई छाड्ने हो भने अझै पनि नेपालको सहभागिता 'वाइल्ड कार्ड' कै आशमा टिकेको छ । तेक्वान्दो खेलाडीले छनोट चरण पार गरेर ओलम्पिक खेलेको पनि लामै समय बितिसकेको छ ।

खेलाडीले ठूला अन्तर्राष्ट्रिय प्रतियोगितामा सन्तोषजनक प्रदर्शन गर्न नसक्नुको प्रमुख कारण भनेको दक्ष प्रशिक्षकको कमी र आधुनिक प्रशिक्षण शैलीको अभाव नै हो । एकातिर देशभित्रै अहिलेसम्म दक्ष प्रशिक्षक उत्पादन गर्ने क्षमता विकास हुन सकेको छैन भने अर्कोतिर लामो समयसम्म प्रशिक्षकलाई वैदेशिक प्रशिक्षणमा पठाउने प्रक्रिया अवरुद्ध हुँदा त्यसको प्रत्यक्ष मार खेलाडीको प्रदर्शनमा पर्नु स्वभाविक हो ।

विश्व खेलकुदमा वैज्ञानिक प्रशिक्षण प्रणाली भित्रिएको लामै समय बितिसकेको छ । विभिन्न खेलका प्रशिक्षकले प्रशिक्षणका लागि नयाँ/नयाँ शैली अनपाउँछन् । नियमित अभ्यास, शारीरिक अवस्थादेखि लिएर खेलाडीको खानपिनसम्ममा विभिन्न अनुशन्धान हुन्छन् । सोही अनुसार, खेलाडीको प्रशिक्षण अगाडि बढाइन्छ ।तर, नेपाली खेलकुदमा यसका लागि न दक्ष प्रशिक्षक छन् न त आधुनिक शैलीको प्रशिक्षणका लागि

यसैगरी हाल राखेपमा तेस्रो श्रेणीका ६३ जना प्रशिक्षक बाँकी छन् । दुई वर्षअघिसम्म राखेपमा ९४ जना तृतीय श्रेणीका प्रशिक्षक कार्यरत थिए । दुई वर्षको अवधिमा तृतीय श्रेणीका ३१ जना प्रशिक्षक सेवा निवृत्त भएका छन् । यसरी निरन्तर रुपमा दक्ष प्रशिक्षणहरु सेवा निवृत्त भए पनि त्यो स्थानमा नयाँ प्रतिभाशाली प्रशिक्षक ल्याउन राखेप नेतृत्व उदासिन देखिन्छ ।

यसैगरी हाल राखेपमा दुई सय ५६ जना प्रथम श्रेणीका सहायक प्रशिक्षक कार्यरत छन् । पछिल्लो तथ्याङ्कलाई हेर्दा अबको केही वर्षभित्रै नेपाली खेलकुदले प्रशिक्षकको थप अभाव झेल्नुपर्ने निश्चित देखिन्छ। १८६ खेल संघ, ३० खेलका मात्र प्रशिक्षक

राखेपमा हाल करिब दुई सयको हाराहारीमा खेल संघहरु दर्ता रहेका छन । तर, राखेपसँग अहिले ३० खेलका मात्रै प्रशिक्षक छन् । प्रतिभाशाली खेलाडी तयार पार्ने मुख्य आधारका रूपमा रहेका दक्ष प्रशिक्षक उत्पादनमा राखेपले लामो समयदेखि कुनै लगानी गरेको छैन ।

खेलाडी जीवनबाट सन्यास लिएका पूर्वखेलाडीलाई तीन महिनाको सामान्य प्रशिक्षण दिनेबाहेक राखेपसँग प्रशिक्षक उत्पादनको कुनै ठोस योजना पनि छैन । अर्कोतिर राखेपमा दरबन्दीको विषयलाई लिएर पनि लामो समयदेखि अन्यौल देखिन्छ ।

एकातिर प्राविधिक कर्मचारी घट्दै गएका छन् भने अर्कोतिर रिक्त रहेको स्थानमा नयाँ कर्मचारी नियुक्त हुन सकेका छैनन् । एकातिर खेलाडीको चाप बढ्दै जाने अर्कोतिर प्रशिक्षकको दरबन्दी बढाउनुको सट्टा अझ घट्दै जाने प्रवृत्ति खेलकुद विकासका लागि अर्को बाधक बन्न पुगेको छ ।

सोही कारणले राखेपमा २०६१ सालपछि राखेपमा स्थायी नियुक्त हुन सकेको छैन । २०६४ सालदेखि नियमित बढुवा प्रक्रिया पनि अवरुद्ध छ । प्रशिक्षकको अभावकै कारण अधिकांश जिल्लामा खेलाडी उत्पादनको कामसमेत अवरुद्ध बनेको छ । अहिले पनि थुप्रै जिल्लामा खेलअनुरूप प्रशिक्षक छैनन् ।

**कुन खेलका कति प्रशिक्षक ?**

हाल राखेपसँग स्थायी र करारका गरी कुल चार सय २० जना प्रशिक्षक छन् । त्यसमध्ये तीन सय ३७ जना स्थायी प्रशिक्षक हुन् । राखेपसँग प्रथम श्रेणीका एकजना पनि प्रशिक्षक छैनन् । द्वितीय श्रेणीका १८ र तृतीय श्रेणका ६३ जना प्रशिक्षक छन् । स्थायीतर्फ प्रथम श्रेणीका सहायक प्रशिक्षक दुई सय ५६ जना छन् । राखेपसँग करारका ८३ जना प्रशिक्षक छन् ।

स्थायी र करार गरी सबैभन्दा बढी प्रशिक्षक करातेका छन् । करातेमा एक सय २१ स्थायी र १६ करार गरी कुल एक सय ३७ जना प्रशिक्षक कार्यरत छन् । स्थायीमध्ये द्वितीय श्रेणीका चार, तृतीय श्रेणीका नौ र सहायक प्रशिक्षक एक सय आठजना छन् ।

यसैगरी करातेपछि बढी प्रशिक्षक तेक्वान्दोमा छन् । तेक्वान्दोमा स्थायी ८४ र करार ११ गरी कुल ९५ जना प्रशिक्षक कार्यरत छन् । तेक्वान्दोका स्थायी प्रशिक्षकमध्ये द्वितीय श्रेणीका दुई, तृतीय श्रेणीका चार र सहायक प्रशिक्षक ७८ जना छन् ।

यसैगरी विश्व खेलकुदको चर्चित खेलको हो, एथ्लेटिक्स । ओलम्पिकजस्ता ठूला प्रतियोगितामा एथ्लेटिक्स खेललाई अनिवार्य मानिन्छ । कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सबैभन्दा बढी स्पर्धा हुने खेलमध्ये पनि एक हो, एथ्लेटिक्स ।

एथ्लेटिक्सका हरेक स्पर्धाका लागि छुट्टछुट्टै प्रशिक्षकको आवयश्क्ता पर्छ । दौडको स्पर्धामा विज्ञता हासिल गरेको प्रशिक्षकले ज्याभ्लिन थ्रो वा हाइजम्पको प्रशिक्षण गराउन सक्दैनन् । लङ्जम्पको प्रशिक्षण गराउने प्रशिक्षकलाई सटपुटको प्रशिक्षण गराउन कठिन हुन्छ ।

यति धेरै स्पर्धा भएको एथ्लेटिक्स सिकाउन राखेपसँग केवल १९ जना प्रशिक्षक छन् । यिनै १९ जना प्रशिक्षकले देशभरका एथ्लेटिक्स खेलाडीलाई प्रशिक्षित गर्नुपर्ने हुन्छ । हरेक जिल्लालाई एथलेटिक्सको एक/एक प्रशिक्षक दिने हो भने पनि १९ वटा जिल्लालाई मात्र पुग्ने अवस्था छ ।

एथ्लेटिक्सका कुल प्रशिक्षकमध्ये ११ जना स्थायी र आठ जना करारका हुन् । स्थायी प्रशिक्षकमध्ये द्वितीय श्रेणीका एक, तृतीय श्रेणीका पाँच र सहायक प्रशिक्षक पाँचजना छन् । पक्कै पनि नेपाली खेलकुदका लागि यो दूर्भाग्यपूर्ण अवस्था हो ।

यसैगरी नेपालको राष्ट्रिय खेल हो, भलिबल । पछिल्लो समय विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा भलिबल टोलीले उत्कृष्ट प्रदर्शन पनि गर्दै आएको छ । खासगरी अन्तर्राष्ट्रिय खेलमञ्चमा नेपाली महिला भलिबल टोलीको प्रदर्शन आशालाग्दो छ ।

तर, राखेपसँग भलिबल सिकाउने प्रशिक्षक भने केवल १४ जना छन् । प्राविधिक रुपमा भन्नु पर्दा यही १४ जना प्रशिक्षकले देशभरबाट भलिबलको कुशल खेलाडी उत्पादन गर्नुपर्ने हुन्छ । भलिबलको १४ जना प्रशिक्षक नै स्थायी हुन् । भलिबलका प्रशिक्षकमध्ये द्वितीय श्रेणीका एक, तृतीय श्रेणीका चार र सहायक प्रशिक्षक नौजना रहेका छन् ।

यसैगरी विश्वभर लोकप्रिय खेल हो, फुटबल । नेपालमा पनि फुटबलका थुप्रै खेलाडी र समर्थक छन्, नेपालमा पनि । तर, राखेपसँग देशभर फुटबल सिकाउने प्रशिक्षकको संख्या केवल १३ जना छ । फुटबलका प्रशिक्षकमध्ये स्थायी १० जना र करारका तीनजना हुन् । स्थायीमध्ये तृतीय श्रेणीका पाँच र सहायक प्रशिक्षक पाँचजना हुन् ।

पछिल्लो समय ब्याडमिन्टन खेलमा पनि नेपालले प्रगति गर्दै गएको छ । विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा ब्याडमिन्टन खेलाडीले उत्कृष्ट प्रदर्शन गरेका छन् । तर, राखेपसँग देशभर ब्याडमिन्टन सिकाउन केवल पाँचजना प्रशिक्षक छन् ।

पाँचैजना स्थायी प्रशिक्षक हुन् । ब्याडमिन्टनमा तृतीय श्रेणीका चार र सहायक प्रशिक्षक एकजना छन् ।यसैगरी राखेपसँग कबड्डीमा स्थायी चार र करार एक गरी पाँचजना प्रशिक्षक छन् ।

स्थायीमध्ये चारैजना सहायक प्रशिक्षक हुन् । लन टेनिसमा स्थायी एक र करारका दुई गरी देशभरका लागि केवल तीनजना प्रशिक्षक छन् । एकमात्र स्थायी प्रशिक्षक तृतीय श्रेणीका हुन् । सिनजिन कराते र सफ्ट टेनिसमा राखेपसँग एकजना पनि प्रशिक्षक छैनन् ।

## 'पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्र र सरकारबीच सहकार्य जरुरी'

काठमाण्डु । पर्यटन विभागका महानिर्देशक होमप्रसाद लुइँटेलले नेपालको पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्र र सहकारबीच सहकार्य जरुरी रहेको बताउनुभएको छ ।

हिमालय उद्धार सङ्घको नवनिर्वाचित कार्यसमितिको पद हस्तान्तरण कार्यक्रममा आज यहाँ आयोजित कार्यक्रममा उहाँले पर्यटकीय हिसाबले अथाह सम्भावना बोकेको नेपालको पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्र र सरकारबीच सहकार्य हुनुपर्ने बताउनुभएको हो ।

"हिमाल र पर्वतारोहण क्षेत्रमा पुगेर हिमालय उद्दार सङ्घले स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ, यस्ता संस्थालाई सरकारको तर्फबाट साथ र सहयोग रहन्छ," उहाँले भन्नुभयो ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिईओ) डा धनञ्जय रेग्मीले देशको पर्यटन क्षेत्रको विकासका लागि यससँग सम्बन्धित सङ्घ संस्थाको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो । उहाँले सरकारले अगाडि सारेको सम्पदा घुमौ अभियानलाई अगाडि बढाउन सबै क्षेत्रको साथ र सहयोग रहेको धारणा राख्नुभयो ।

हिमालय उद्दार सङ्घका निवर्तमान अध्यक्ष हरि धरेलले नेपालको पर्वतारोहण क्षेत्रमा जाने पर्यटकको स्वास्थ्य अवस्थालाई ध्यानमा राखेर सङ्घले सोलुखुम्बुको फेरिचेमा स्वास्थ्यचौकी स्थापना गर्न लागेको बताउनुभयो ।

हिमालय उद्धार सङ्घको अध्यक्षमा पराजुली निर्वाचित

हिमालय उद्दार सङ्घको जेठ २१ गते सम्पन्न अधिवेशनबाट डम्बर पराजुलीको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित भएको छ । सङ्घको उपाध्यक्षमा कुमार रानाभाट, महासचिवमा श्रीराम खत्री र कोषाध्यक्षमा सुशीलकृष्ण अधिकारी निर्वाचित हुनुभएको प्रमुख निर्वाचन अधिकृत कुमारप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

यस्तै, सदस्यमा दावा शेर्पा, विकास रौनियार, प्रयुश न्यौपाने, तुलसिंह गुरुङ, सुवास दवाडी वारिस धरेल र यादव अधिकारी निर्वाचित हुनुभएको छ । उक्त कार्यसमिति तीन वर्षका लागि सर्वसम्मत निर्वाचित भएको हो । रासस

## कालोसूचीमा राख्न सिफारिस १७ कम्पनीलाई स्पष्टीकरण

काठमाण्डु । सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचलले कार्यसम्पादन चित्तबुझ्दो नभएका १६ ठेकेदार र एक आपूर्तिकर्ता कम्पनीलाई सातदिने स्पष्टीकरण सोधेको छ ।

कार्यालयले बुधवार एक सूचना प्रकाशित गरी राजन गौतम नेतृत्वको नयाँ निर्माण सेवा भरतपुर-११ चितवन, राजाबहादुर झा नेतृत्वको नवनिर्माण बिल्डर्स प्रालि जनकपुर, सशक्त शरण गोले अभिषेक नेतृत्वको आर्भन कन्स्ट्रक्सन प्रालि भरतपुर-१ चितवन, राजु पोखरेल नेतृत्वको ब्लुबर्ड डिजाइन एन्ड कन्स्ट्रक्सन भक्तपुरसँग सातदिने स्पष्टीकरण माग गरिएको छ ।

यसैगरी, मिलन पन्त नेतृत्वको इपिक कम्प्युटर्स ट्रेडर्स काठमाडौं, बबिन्द्रविक्रम बुढाथोकी नेतृत्वको बुढाथोकी निर्माण सेवा पाँचथर, शेरबहादुर लिम्बू नेतृत्वको माबोहाङ निर्माण सेवा ताप्लेजुङ, शोभा न्यौपाने नेतृत्वको समृद्ध निर्माण सेवा चितवन, डिल्लीराम तिवारी नेतृत्वको जय भगवती निर्माण सेवा चितवन, सुरजकुमार शाही नेतृत्वको शुभम् कन्स्ट्रक्सन चितवनसँग पनि स्पष्टीकरण माग गरिएको छ ।

साथै लक्ष्मण पाण्डेय नेतृत्वको त्रिवेणी निर्माण सेवा कास्की, सुदीप श्रेष्ठ नेतृत्वको एस कन्स्ट्रक्सन चौतारा, कुलबहादुर श्रेष्ठ नेतृत्वको बी के बी कन्स्ट्रक्सन एन्ड सप्लायर्स सिन्धुली, दीपेन्द्रबहादुर शाही नेतृत्वको सिद्धिसाई प्रकाश कन्स्ट्रक्सन प्रालि नयाँबानेश्वर, विनित जोशी नेतृत्वको जोशी विज हाउस प्रालि नयाँबानेश्वर तथा ध्रुवप्रसाद न्यौपाने नेतृत्वको चेतना कन्स्ट्रक्सन प्रालि र युकेएन कन्स्ट्रक्सन प्रालि ललितपुरसँग पनि स्पष्टीकरण माग गरिएको सूचनामा उल्लेख छ ।

कार्यालयले कालोसूचीमा राख्न सिफारिस गरेका कम्पनी तथा आपूर्तिकर्तालाई यसअघि ३० दिनको म्याद दिएर स्पष्टीकरण माग गरिएको सार्वजनिक खरिद अनुगमन कार्यालयले जनाएको छ । सो अवधिभित्र स्पष्टीकरण नबुझाएपछि पुनः सात दिनको म्याद दिएर स्पष्टीकरण मागिएको हो । रासस

# भाखा नाघेको कर्जा बुझाउने बारे श्री कृषि विकास बैंक लि.शाखा कार्यालय, गौरको २१ दिने सूचना

यस बैंकबाट तपशिल बमोजिमका व्यक्तिहरुले निम्न उद्धेश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघि निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेदा गर्दा पनि आलटाल गरि बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनको लागि यो सूचना प्रकाशित गरिको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएकमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३, कृषि विकास बै.क लि.को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको सम्पुर्ण लेना रकम असुर उपरगरिने व्यहोरा समेत जानकारी गराउँदछौ । साँथै तपशिल बमोजिका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिने मन्जुरीनामा दिनेहरुलाई समेत यसै सूचना द्धारा जानकारि गराईएको छ ।

**सम्बन्धित कार्यालय : श्री कृषि विकास बैंक लि. शाखा कार्यालय गौर, रौतहट**

| क्र.सं. | ग्राहक नं. | ऋणीको नाम | ठेगाना | बाबु/पतीको नाम | बाजे/ससुराको नाम | मिसिल नं. | उदेश्य | भाका न. सावां | भाका नागेको सावां | भाका नागेको ब्याज |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १९५५९७७ | राजा पशु फर्म प्रो मुक्तिलाल प्रसाद पटेल | बौधिमाई ०२ | रामलोचन राउत | तेजनारायण राउत | ११९८० | सहुलियत कर्जा | १६५००० | ९७४९१ | ७३००० |
| २ | १७७३७४६ | गगन देव महतो | ईनर्वा ०७ | शिव महतो कोइरी | मान्सि महतो | ११९२६ | सरल कृषि कर्जा | ४९०००० | | १६००० |
| ३ | १२२५१६३ | विजय कुमार यादव | मुडवलवा ०६ | तेजी राय यादव | श्री कृष्ण राय यादव | ११६८७ | सरल कृषि कर्जा | ५००००० | | १६००० |
| ४ | १२२०८६४ | उर्मिला तिवारी | झुन्खुन्वा ०३ | चन्देश्वर पाण्डे | बेद प्रसाद तिवारी | ११६७० | सरल कृषि कर्जा | ५००००० | | १३००० |
| ५ | १२२०८६१ | प्रियन्का कुमार श्रीवास्तव | मिठुअवा | उमेश प्रसाद श्रीवास्तव | राम आधार प्रसाद श्रीवास्तव | ११६६९ | घरायसी कर्जा | २५०००० | | १०००० |
| ६ | १२१००५६ | दिपेन्द्र राय यादव | पिपरीया परोहा०६ | माधव राय यादव | जगा राय यादव | ११६५१ | घरायसी कर्जा | ३००००० | | ९००० |
| ८ | ९२०१९४ | विनोद कुमार कुशवाहा | हाजमिनिया | जयदिश प्रसाद कुशवाहा | रामनाथ प्रसाद | ११३०० | घरायसी कर्जा | | २५०००० | ११००० |
| ९ | ९१९७९७ | बबिता कुमारी यादव | भेडियाही ०६ | विद्यानाथ राय यादव | जगदिश राय यादव | १०९०५ | घरायसी कर्जा | ५००००० | | १९००० |
| १२ | १५३४८६९ | आँचल ट्रेर्डस प्रो. रामरती देवी | ओरैया ०८ | | | ११८१४ | जमानत दाबी कर्जा | | ६८३१९८८ | २७०००० |
| १३ | ९२०३१६ | पि.एण्ड बि ट्रेर्डस विक्रम कुमार यादव | गौर १ | विमल राय यादव | मादु यादव | ० | जमानत दाबी कर्जा | | १०१६८३ | ७००० |
| १४ | १९५०५६९ | जयसवाल कृषि फर्म प्रो बिसुन देयाल प्रसाद कलवार | ईनर्वा ०७ | गोनैर साह | प्रगास साह | ११९७७ | पशुपन्छिपालन कर्जा | १०००००० | | ३०००० |
| १५ | १८००८८७ | उज्जल किराना पसल प्रो. रम्भा देवी | बौधिमाई ०४ | तेज राउत कुर्मी | राम बहादुर कुर्मी | ११४६५ | ब्यापार कर्जा | १०००००० | | २५००० |
| १६ | १८००८२२ | माई फर्निचर उद्योग प्रो. किसुनदेवी ठाकुर | परोहा ०४ | भिखारी ठाकुर लोहार | सरयुग ठाकुर | ११९३१ | उधोग कर्जा | ५००००० | | १४००० |
| १७ | १७९८४९५ | आदित्य पोल्ट्री फर्म प्रो. लालबाबु साह | ईनरवारी ०१ | अच्छेलाल साह | भोला साह | ११९३५ | पशुपन्छिपालन कर्जा | १०००००० | | २३००० |
| १८ | १७६०००३ | शेख सोयव आलम | तेजापकड ०७ | शेख नथु | शेख सुभान | ११९११ | सरल कृषि कर्जा | १०००००० | | १३००० |
| १९ | १७२२१७९ | सोनाम गारमेन्ट उद्योग प्रो. रामाकान्त प्रसाद पटेल | ईनर्वा ०२ | रामविलास राउत | जनक राउत | ११७७४ | उधोग कर्जा | २३५०००० | | ५५००० |
| २० | १५८४९९३ | शिभम पोल्ट्री फर्म प्रो. अरविन्द झा | सखुहवा ०२ | सम्भु प्रसाद ब्रह्मण | रामचन्द्र झा | १०५१४ | पशुपन्छिपालन कर्जा | ९५०००० | | १९००० |
| २१ | १५८११०० | आकाश राईस मिल प्रो. सतेन्द्र पैसाद पटेल | ईनर्वा ०१ | अम्रिका प्रसाद | देवीलाल राउत | ७८९७ | उधोग कर्जा | ६००००० | | १३००० |
| २२ | १५४५३२० | संगम ईन्टरप्राईजेज प्रो. मो. इम्रान आलम | फतुआ महेशपुर ०७ | मो. अमुद | शेख किफायत | ११८१७ | ब्यापार कर्जा | ९५०००० | | २६००० |
| २३ | १५३७४१० | कविता नेटर्वक प्रो. रविन्द्र साह | राजपुर फरदहवा | सुकदेव साह तेली | ज्ञान साह | १०५६१ | उधोग कर्जा | १८००००० | | २०००० |
| २४ | १३२७७८९ | गौंर ड्रग हाउस प्रो. गजेन्द्र राय यादव | गौर ०५ | खेना राय यादव | विज मोहन राय | ४४१७ | ब्यापार कर्जा | ८५०००० | | २१००० |
| २५ | १३२६०४७ | मा भगवती हार्डवेयर प्रो. रामेश्वर प्रसाद पटेल | ओरैया ०६ | अमिचन साह | मोदी साह | ११७७० | जमानत दाबी कर्जा | १९००००० | ५६५३०६ | ६६००० |
| २६ | १२९८७०१ | अंन्स ट्रेर्डस प्रो.रामामनन्द शर्मा | यमुनामाई ०४ सरुअठा | योगेन्द्र राय राजभट | मुनी राय | ११७२७ | ब्यापार कर्जा | २०००००० | | ३२००० |
| २७ | १२९५१४१ | गेनालाल महतो | माधवनारायण ०७ | जगरनाथ महतो | निर्सा महतो | ११७१६ | घरायसी कर्जा | ९७५००० | | २५००० |
| २८ | १२२४९५४ | सचिन किराना पसल प्रो. पवन कुमार सिंह | गौर ०९ | जनकधारी सिंह | | ११६८९ | ब्यापार कर्जा | ५००००० | | १५००० |
| २९ | १२२४२१० | शेख अबुलायस | गौर १० | शेख ओसी | | ११६८५ | घरायसी कर्जा | ९७०००० | | २४००० |
| ३० | ९१९८७० | सन्तोष प्रसाद | अकोल्वा ०३ | पनालाल साह | जमुना प्रसाद | १०९५५ | ब्यापार कर्जा | | १०००००० | ३८००० |
| ३१ | ९१९३३३ | दिनेश प्रसाद | गौर ०२ | रामचन्द्र प्रसाद जयसवाल | सुमित राय चौधरी | १०५४७ | ब्यापार कर्जा | ५००००० | | १२००० |
| ३२ | ९१९३२३ | लालबती देवी | पथरा बुधराम ०७ | हिर्दे साह | भागवा साह | १०१५१ | सरल कृषि कर्जा | | | |
| ३३ | ९१९२७२ | राम जिवन राउत कुर्मी | कश्रनिया ०५ | सुखल राउत कुर्मी | | १०५३५ | घरायसी कर्जा | ५००००० | | १३००० |
| ३४ | ९१८९१२ | नागिया देवी | सरुअठा ०८ | अनुप राय | सरजुग राय | १०४०५ | ब्यापार कर्जा | | २००००० | ९००० |
| ३५ | ९२०२१२ | धिरज हार्डवेयर प्रो रामेश्वर साह | झुन्खुन्वा | जियालाल साह | लक्षु साह | ११३२३ | ब्यापार कर्जा | | ३०३४१०८ | ७३००० |
| ३६ | १२५१२२८ | विशाल कन्स्ट्रक्सन प्रो.बुनिलाल राय यादव | पथरा बुधराम | तैत राय यादव | | ११६९६ | ओभरडाफ | | २६९३३८७ | ६८००० |
| ३७ | ९१९८२६ | चन्देश्वर राउत | गौर ०५ | मंचित राउत | भरहाली राउत | १०९२३ | शिक्षा कर्जा | | ११४२००० | ३२००० |
| ३८ | १७५१८५४ | जगदम्बा राईस मिल प्रो. बिधनेश कुमार झा | पचरुखी ०६ | अशोक कुमार झा | गोविन्द फा | ११८८१ | उधोग कर्जा | | १०००००० | ७६००० |
| ३९ | ९२००९५ | सुरेन्द्र राउत | अजगैवी ०७ | धरीधन राउत | जदु राउत | ११२०७ | घरायसी कर्जा | १०००००० | | ५००००० |
| ४० | ९१९६४२ | सहनाज बेगम | | राहुफ शेख | शेख तबारक | ८६०३ | घरायसी कर्जा | | १०००००० | ९९५०० |
| ४१ | १३२५२७१ | आराध्य निर्माण सेवा प्रो. राहुल कुमार सिंह | दुर्गा भगवती ०५ | चन्द्रिका प्रसाद सिंह | राजधारी सिंह | ११७७२ | आ्भरडाफ | | ९६३०४७ | ५५००० |
| ४२ | ९२०१९९ | एपेक्स कन्स्ट्रक्सन सप्लार्यस | पिपिरा राजबरा ०१ | | | ११३०२ | ओभरड्राफ्ट | | ४९१८९६ | ६००० |
| ४३ | ९२००६४ | राजकिशोर महतो कोइरी | इनर्वा ०७ | कमल महतो कोईरी | पलाधारी महतो कोईरी | १११७७ | घरायसी कर्जा | | ४५०००० | ४२००० |
| ४४ | ९२०३२३ | निकी दाना सप्लायर्स प्रो. राजनारायण साह तेली | राजपुर फरदहवा ०२ | गनेश साह | खैरु साह | ११४०४ | घरायसी कर्जा | | ४३२४०९ | ४००० |
| ४५ | १२२३६५५ | नथुनी साह | गौर १२ | विन्दा साह | | ११६७८ | घरायसी कर्जा | ४००००० | | २६००० |
| ४६ | ९१९४८९ | विरेन्द्र यादव | सखुहवा ०६ | रामअयोध्या राय यादव | भिखार राय यादव | १०६८० | घरायसी कर्जा | | ४००००० | ३०००० |
| ४७ | ९१९६९३ | हेम कुमार यादव | ओरैया ०७ | राम सिंह यादव | माहाविर राय यादव | ८३६९ | घरायसी कर्जा | ३८०००० | | २०००० |
| ४८ | ९१९२९३ | शेख मोनाजीर आफक | जोकाहा ०६ | शेख मोइद | शेख अब्दुल हक | ७०२५ | सरल कृषि कर्जा | ३५०००० | | २८००० |
| ४९ | ९१८४१७ | अरविन्द प्रसाद चौधरी | सरमुजवा ०४ | | | ८१७७ | घरायसी कर्जा | | ३४९६४४ | २१००० |
| ५० | १३३९३७१ | सद्दाम किराना तथा गल्ला भण्डार प्रो. नेयाज | गौर ०१ | हाफिज इद्रिस | हादिस मिया | ११७६८ | ब्यापार कर्जा | | ३०१९२२ | २१०० |
| ५१ | ११९५९०१ | अयोध्या राय यादव | गौर १२ | | | ११६२७ | घरायसी कर्जा | ३००००० | | १९००० |
| ५२ | ९२००७३ | सन्त लाल राय यादव | जेठरहीया ०६ | बसकृत राय | तिलक राय यादव | ७९०१ | घरायसी कर्जा | | ३००००० | २१००० |
| ५३ | ९१९९२२ | राम नारायण प्रसाद जयसवाल | राजपुर फरदहवा०७ | भोला चौधरी | कैलाश चौधरी | ११०७० | घरायसी कर्जा | | ३००००० | २०००० |
| ५४ | ९१९०७४ | बैजनाथ यादव | गौर ०८ | बिहारी राय यादव | चतुरी राय | ९८९९ | सरल कृषि कर्जा | | ३००००० | ९००० |
| ५५ | ९१९४०७ | राजिनन राय यादव | माधोपुर ०२ | | | १०६०५ | घरायसी कर्जा | | २९९८०० | २०००० |
| ५६ | १५६२४८७ | रितिका पोल्ट्री फर्म प्रो. पुजा कुमारी गुप्ता | राजदेवी ०२ | शंकर प्रसाद गुप्ता | बैनाथ गुप्ता | ११८३९ | पशुपन्छिपालन कर्जा | | २९२८४५ | २३००० |
| ५७ | १२६५४२० | विनय कुमार सिंह राजपुत | हाजमिनिया ०४ | नवल किशोर सिंह | सुखदेव सिंह | १०३५८ | घरायसी कर्जा | | २००००० | २७००० |
| ५८ | ९२०४५० | भिखारी राय यादव | अजगैवी ०३ | माहाविर राय यादव | | ११५३० | ब्यापार कर्जा | | २००००० | २२००० |
| ५९ | ९२०३७५ | त्रिबेनी राउत कुर्मी | अजगैवी ०५ | बिरान राउत कुर्मी | अमोल राउत कुर्मी | ११४५१ | ब्यापार कर्जा | | २००००० | १५००० |
| ६० | ९१९६३० | दिनेश राउत कुर्मी | करुनीया ०५ | हिर्दय राउत | रामजी राउत | १०७८२ | घरायसी कर्जा | | २००००० | १५००० |
| ६१ | ९१९३१२ | आशा देवी | भलोहिया ०२ | जोदान पाण्डे | | ५७१२ | ब्यापार कर्जा | | २००००० | १५००० |
| ६२ | ९१८६३४ | राम आज्ञा ठाकुर | भेडियाही ०६ | माहाविर ठाकुर | निर्सु ठाकुर लोहार | १०३४६ | ब्यापार कर्जा | | २००००० | ११००० |
| ६३ | ९१९६८८ | चैती कुर्मीनी | देवाही गोनाही ०५ करुनिया | ध्यामी राउत | | ८७७४ | ब्यापार कर्जा | | १९७२२५ | १२००० |
| ६४ | ९२०१०५ | कान्ति देवी | रामपुरखाप | भुखाल सिंह | | ११२१४ | ब्यापार कर्जा | | १९४६८३ | १७००० |
| ६५ | ९१९९८८ | सोहागीन खातुन | मठिया ०२ | राफिक | शेख उस्मान | १११९८ | ब्यापार कर्जा | १५०००० | | १०००० |
| ६६ | ९१९३९४ | रामाधार प्रसाद यादव | मुडवलवा ०४ | लक्ष्मी भगत यादव | लच्छन राय | १०५९१ | ब्यापार कर्जा | | १५०००० | १५००० |
| ६७ | ९१९२१३ | सती देवी यादव | लौकाहा ०२ | असर्फी राय यादव | | ९१३० | ब्यापार कर्जा | | १५०००० | ११००० |
| ६८ | ९१९९२८ | ब्रहमदेव यादव | जेठरहीया ०६ | धुपन राय यादव | भोला राय यादव | ११०७६ | ब्यापार कर्जा | | १००००० | ८००० |
| ६९ | ९१९५८५ | अनुज कुमार पाण्डे | भलोहिया ०१ | रामलाल पाण्डे | हरी नारायण पाण्डे | १०७५३ | ब्यापार कर्जा | | १००००० | ८००० |
| ७० | ९१९४४९ | राम विलास मुखिया | राजपुर तुल्सी | काली मुखीया | सन्त मुखीया | १०६४६ | ब्यापार कर्जा | | १००००० | १३००० |
| ७१ | ९१९४१० | शोभावती देवी | बसतपुर ०९ | कपल देव अधाया | दल बहादुर | १०६११ | ब्यापार कर्जा | | १००००० | ६००० |
| ७२ | ९१९४०६ | बैनाथ राय यादव | पिपरीया परोहा०५ | सरजुग राय यादव | परमेश्वर राय यादव | १०६०९ | ब्यापार कर्जा | | १००००० | १४००० |
| ७३ | ९१९३५१ | रामेश्वर सहनी | गौर ०६ | रिजन सहानी | चुनु सहानी | १०५५२ | ब्यापार कर्जा | | १००००० | ११००० |
| ७४ | ९१९०८४ | मजबुन खातुन | जटाहारा ०५ | शेख सफी महम्मद | | १०४५६ | ब्यापार कर्जा | | १००००० | ११००० |
| ७५ | ९१९१९१ | रेखा देवी कोइरीन | पिपरा रजवाडा ०४ | सुरुज महतो | राम सरन महतो | १०४९६ | ब्यापार कर्जा | | ९९३६९ | ५००० |
| ७६ | ९१९३५९ | त्रिलोकी नाथ झा | मठिया ०५ | | | ७८९० | ब्यापार कर्जा | | ३२१३९ | ४००० |
| ७७ | ९१८४०६ | सुचिन्द्र प्रसाद यादव | मुडवलवा ०६ | माहाविर प्रसाद यादव | राम प्रताप राय यादव | १०२६० | सरल कृषि कर्जा | | २४३५७ | १६०० |
| ७८ | ९१८९८४ | भगवती देवी | ओरैया ०१ | मृानी साह | गोगा साह | १०४१५ | ब्यापार कर्जा | | १८२३३ | ४०० |
| ७९ | ९१८४७० | हरेन्द्र प्रसाद यादव | मुडवलवा ०३ | नथुनी राय यादव | | ८५७९ | घरायसी कर्जा | | १६५१३ | १००० |
| ८० | ९१९७५२ | रामवृक्ष महतो कोइरी | सरमुजवा ०७ | सहवीर महतो | दरोगा महतो | १०८६५ | ब्यापार कर्जा | | ११२४९ | १३०० |
| ८१ | ९२०३१३ | पारष राय यादव | पथरा बुधराम ०३ | मनिराम राय यादव | रामलाल राय यादव | ६०५२ | घरायसी कर्जा | | ७२२५ | ९०० |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड

**श्री कृषि विकास बैंक लि., प्रदेश कार्यालय बिरगंज, पर्सा**

# मिथिला नगरपालिकामा तालाबन्दी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिकामा तालाबन्दी गरिएको छ। ढल्केवर आकस्मिक स्वास्थ्य चौकीमा भर्ना गर्न लागिएको कर्मचारीप्रति असन्तुष्टि जनाउँदै तालाबन्दी गरिएको छ।

केही कार्यपालिका सदस्य/स्थानीयले नगर प्रमुख महेन्द्र महतो, उपप्रमुख सुनिता सिंह बुढाथोकी र प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपानेको कार्यकक्षमा तालाबन्दी गरेका छन्।

यसअघिको कार्यापालिका सदस्यहरुले बनाएको 'प्राविधिक कर्मचारी सेवा करारमा राख्ने कार्यविधि, २०७७' माथि पुनः छलफल गरेर भर्ना प्रकृया अगाडि बढाउनुपर्ने उनीहरुले माग गरेका छन्।

पालिकाले सुरु गर्न लागेको आकस्मिक स्वास्थ्य केन्द्रमा बुधबार आवेदनपछि छनोट भएका उम्मेदवारहरुलाई अन्तरवार्ताका लागि समय दिइएको थियो। तर, पालिकाको प्रमुख प्रशासकीय अधिकृत न्यौपानले मंगलबार सूचना जारी गर्दै अन्तरवार्ता स्थगित गरिएको जानकारी गराएका थिए। यद्यपि अन्तरवार्ताका लागि सो समय यही जेठ १७ गते कार्यपालिकाको बैठक निर्णय गरी तोकेका थिए।



पालिकाले ०७९ असोज १२ गते विभिन्न पदका ९ जना प्राविधिक कर्मचारी भर्नाका लागि दरखास्त आह्वान गरेको थियो। मेडिकल अधिकृत दुई जना, ल्याब टेक्नोलोजिष्ट एक, अनमि चार र स्वीपर २ जना भर्ना गर्नको लागि आवेदन दिएको थियो। पालिकाले यस विषयमा कर्मचारीको लागि बजेट र अस्पतालमा लाग्ने स्वास्थ्य सामग्रीसमेतको व्यवस्था गरिसकेका छन्।

यस विषयमा नगर प्रमुख महेन्द्र महतोले स्थानीयको माग वास्तविक रहेको स्वीकार गरे। केही दिनभित्रै कार्यापालिका बैठकबाट यसको निकास खोजिने उनले बताए।

तालाबन्दी गर्ने निकायसँग उनले प्रशासनको ताला खोल्न अनुरोध पनि गरे। सबै पक्षलाई समेटेर उचित निर्णय अनुसार कर्मचारी भर्ना गर्ने उनले प्रतिबद्धता व्यक्त गरे। 'तालाबन्दी गर्नुभएको स्थानीयसहित कार्यपालिका सदस्यहरुको पनि पवित्र भावना छ। उहाँहरुको केही माग जायज छ। स्वास्थ्य चौकी राम्रो बनाउनुपर्छ भन्ने माग छ,' उनले भने, 'त्यसकारण हामी छलफल गरेर भर्ना प्रकृया अगाडि बढाउछौं।'

आकस्मिक सेवा सबै जनतालाई दिन सहज रुपमा दिने आधारमा काम सुरु गरेको उनले बताए। विवादरहित वातावरण भएपछि भर्ना प्रकृया अगाडि बढाइने उनले जनाए।

प्रमुख प्रशासकीय अधिकृत न्यौपानले विवाद सुरुदेखि नै रहेको बताए। पालिकामा आफूलाई आएको डेढ महिनामात्रै भएको भन्दै उनले पञ्छिन खोजे। चालु साताभित्रै कार्यापालिका बैठकबाट विवाद समाधान गर्ने उनले जानकारी दिए।

'विवाद देखिएको छ। हामी समाधान गर्ने तयारीमा छौं,' उनले भने, 'कार्यपालिका बैठकबाट एउटा निर्णय हुनेछन्। सोही अनुसार अन्य प्रकृया अगाडि बढाइने छन्।'

# प्रदेशका बसहरु हस्तान्तरण मै सीमित

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकारले चार वर्षअघि खरिद गरेको बस हालसम्म हस्तान्तरण गर्नमा नै सीमित भएको छ।

सरकारले खरिद गरेको पाँच वटा बस एक अर्कालाई हस्तान्तरण गर्नमै सीमित बनेको बुझिएको छ। सोका कारण बसहरू अहिलेसम्म सञ्चालनमा आउन नसकेको छैन।

प्रदेश परिवहन सञ्चालन गर्ने उद्देश्यले प्रदेश सरकारले सप्तरीको राजविराजदेखि पर्साको वीरगञ्ज महानगरसम्म प्रदेशका आठवटै जिल्लाहरूमा चलाउने भनी खरिद गरेको थियो।

०७७ सालमा तत्कालीन भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलको मन्त्रालयले ३ करोड ३९ लाख ७५ हजारमा ५ बस खरिद गरेको थियो। विगत चार वर्षदेखि बसहरू प्रदेश सरकारले विभिन्न संघ सस्थांहरुलाई चलाउनको लागि उपलब्ध गराउँदै आएको छ





प्रदेश सरकारले पाँच वटा बसलाई ०७८ साल फागुन २४ गते निर्णय गरेर प्रदेश कृषि विश्व विद्यालय, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कृषि व्यवसाय सहयोग तथा तालिम केन्द्र र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण गरेको थियो। तर, ती बसहरूमध्ये प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले ०७९ साल मंसिर ९ गते मधेश विश्व विद्यालय वीरगञ्जलाई हस्तान्तरण गरेको छ। बस चल्न नसकेपछि प्रदेशका विभिन्न संघ सस्थांहरुबाट घुमिफिरी पाँचवटा बस मध्ये एउटा बस वीरगञ्जस्थित मधेश विश्व विद्यालयमा पुगेको छ।

प्रदेश सरकारले नै बसहरू चलाउन नसकेर सघं संस्थाको जिम्मा लगाउने क्रम बढेपछि महालेखा परीक्षकको कार्यालयले सार्वजनिक सम्पत्तिको संरक्षण गर्न भनेको छ। आर्थिक वर्ष ०७८/७९ को वार्षिक प्रतिवेदनमा महालेखाले आवश्यकताको विश्लेषण नगरी बस खरिद गर्नेर सार्वजनिक सम्पत्तिको उचित प्रयोग तथा संरक्षण नगर्ने पदाधिकारलाई जिम्मेवार बनाउन आफ्नो वार्षिक प्रतिवेदनमा बताएको छ। साथै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण गरिएको दुईवटा बसहरूमा लेखापरीक्षणको अवधिसम्म नम्बर प्लेटसम्म नराखिएको महालेखाले आफ्नो बसहरूमा प्रतिवेदनमा जनाएको छ।

मधेश विश्व विद्यालयमा अध्ययन अध्यापन सुरु नभएकोले त्यहाँ रहेको एउटा बससमेत थन्काएर राखिएको छ। यसरी मधेश सरकारले प्रदेश वासीहरूको लागि खरिद गरेको करोडौंको बसहरू अहिले थन्किएर बसेको छ।

# अश्लिल नृत्य विरुद्ध प्रदर्शन



**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको जलेश्वरमा जारी रहेको ६ दिने संसारीमाई पूजाको अवसरमा आयोजित सांस्कृतिक कार्यक्रममा अश्लिल गीत नृत्य प्रदर्शन गरिएको भन्दै युवाहरुले विरोध प्रदर्शन गरेका छन्।

युवाहरुको एक समूहले बुधबार जलेश्वरको विभिन्न चोकमा टायर बालेर अश्लिल प्रदर्शनको विरोध गरेका छन्।

पाँचवर्षीय संसारी माता महापूजा महोत्सवमा मंगलबार राति संस्कृति कार्यक्रमको नाममा आयोजकले टिकटकको माध्यमले समाजमा अश्लिलता फैलाइ रहेकी नृत्यांगना प्रीती पासवानलाई अश्लिल गीतमा नृत्य गराएपछि युवाहरुले विरोध गरेका छन्।

विरोधमा उत्रेका युवाहरुले जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनार ,पूजा व्यवस्थापन समिति, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख विरुद्ध चर्को नाराबाजी गरेका थिए।

धार्मिक एवं आस्थाको केन्द्र मानिएको जलेश्वरमा महापूजा महोत्सवको नाममा आयोजकले मनोरञ्जन कार्यक्रमको अश्लिलता प्रदर्शन गराउनु निन्दनीय रहेको स्थानीय युवा सुमन चौधरीले बताए।

मेलामा संस्कृतिक कार्यक्रम गर्ने जिला प्रशासन कार्यालय महोत्तरीबाट अनुमति पाएको पूजा आयोजक समितिले अश्लिल गतिविधिलाई प्रश्रय दिनु दुर्भाग्यपूर्ण रहेको टिप्पणी अर्का युवक राजेश साहको छ।

यता जिल्लामा मेला महोत्सवमा आरकेस्ट्रालगायत अश्लिल कार्यक्रम पूर्ण रूपले निषेध गरिएको सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले बताएका छन्।

समितिलाई मेलामा संस्कृतिक कार्यक्रम गर्न अनुमति दिएको र यस्ता गतिविधि संचालन भए तत्कालै रोकिने सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेले प्रष्ट् पारे।

# औषधि खरिदमा भ्रष्टाचार

**कमलेश मण्डल**

जलेश्वर। महोतरी जिल्लामा स्थानीय तहहरुले औषधि खरिदमा अनियमितता गरेका तथ्य खुलेको छ।

खरिद मूल्य औषधि व्यवस्था विभागले तोकेको न्यूनतम खरिद मूल्यभन्दा धैरै राखिएको र केही औषधि जीएमपी (गुड म्यानुफ्याक्चरिङ प्राक्टिस) प्रमाणित नभएका कम्पनी रहेकोले अनियमितता छानविनको माग गरिएको छ।

आपूर्तिकर्ताहरुले मिलेमतोमा महंगो दर राखेर स्थानीय तहलाई औषधि आपूर्ति गर्दै आएका छन्।

आर्थिक वर्ष ०७९/८० मा संघीय सरकारको सशर्त अनुदान अन्तर्गत आधारभूत स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत आवश्यक औषधि खरिद शीर्षकमा गौशाला नगरपालिकाले २१ लाख ४० हजार, जलेश्वर नगरपालिकाले २४ लाख २० हजार, बर्दिवास नगरपालिकाले २१ लाख ६० हजार, औरही नगरपालिकाले २१ लख ४० हजार, बलवा नगरपालिकाले २१ लाख ३० हजार, भंगहा नगरपालिकाले २० लाख ३० हजार, मटिहानी नगरपालिकाले २१ लाख २० हजार, मनरा नगरपालिकाले २० लाख १० हजार, रामगोपालपुर नगरपालिकाले २१ लाख ४० हजार, लोहारपट्टीनगरपालिकाले २१ लाख ३० हजार, एकडारा गाँउपालिकाले २० लाख ३० हजार, पिपरा गाँउपालिकाले १९ लाख ३० हजार, महोत्तरी गाँउपालिकाले २१ लाख ३० हजार, सम्सी गाँउपालिकाले २१ लाख ४० हजार र सोनमा गाँउपालिकाले १९ लाख २० रुपैयाको औषधि खरिद नगरपालिकाले सप्लायर्सलाई टिप्पणी आदेशकै भरमा कार्य आदेश दिएको देखिन्छ त कतिपय स्थानीय तहले गोप्य टेण्डरका आधारमा गरेको पाइएको छ।

आपूर्ति हुने औषधि डब्लुएचओ सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति ब्याच नम्बर र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाइ राखे नगरेको तथा सो औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको आपूर्ति भएका औषधि एवम् सर्जिकल स्टोर दाखिला हुनु अघि स्पेशिफिकेसन अनुसार भए/नभएको नखुलाइएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएको छैन बर्दिवासका गुणहरि कोइरालाले बताए।

उनका अनुसार खरिद गरेको औषधि हुन औषधि कम्पनीबाट उत्पादन भएको र सोको मूल्य राष्ट्रिय पत्रिका प्रकाशनसमेत भएको देखिएको छैन यसको छानबिन हुनु आवश्यक रहेको बताए।

सार्वजनिक खरिद ऐन, २०६४ को नियम ८५ को १ (क) बमोजिम २० लाख रुपैयाँ बराबरको औषधिजन्य सामान सोझै खरिद गर्ने व्यवस्थालाई टेक्दै २० लाखभन्दा ५ सय रुपैयाँ कम रकम बराबरको औषधि सप्लाई गर्न बढी कमिसन दिने सप्लायर्सलाई सोझै कार्य आदेश दिने गरेको छ।

मिलेमतोमा औषधि खरिदमा कपितय स्थानीय तहकै संलग्नता आशंका गरिएको सम्बन्धमा छानबिन गरिने महोतरी जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले बताए।

सार्वजनिक खरिद नियमावलीको नियम ८४ र ८५ मा २० लाख भन्दा बढी औषधि खरिद गर्ने राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरेर टेण्डर आह्वान गर्नुपर्ने व्यवस्था गरिएको छ।

पटक पटक हो वा एकै पटक २० लाख भन्दा बढीको औषधि खरिद गर्न टेण्डर आह्वान गर्नुपर्ने नियमावलीमा उल्लेख छ।

सार्वजनिक खरिद ऐन विपरीत कर्मचारी र आपूतिकर्ताको मिलेमतोमा लाखौँको औषधि खरिद बिक्री गर्ने इच्छाएको व्यक्तिलाई टेण्डर पार्ने गुणस्तरहीन र कम परिमाणमा औषधि दिएर विल मिलाउने जस्ता अनियमितता हुने गरेको अधिवक्ता विजय कुमार ठाकुरले बताए।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लानख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेको जलेश्वर उद्योग वाणिज्य संघका महासचिव शिवचन्द्र चौधरीले बताए।



उनका अनुसार खरिद गरेको सो औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित हुनु पर्दछ तर गरिएको छैन यसको छानबिन हुनु पर्दछ।

औषधि र स्वास्थ्य उपकरण खरिद गर्दा २५ देखि ५० लाख रुपैयाँसम्मको सिलबन्दी दरभाउ पत्रका माध्यमबाट र ५० लाख रुपैयाँभन्दा बढीको बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने कानुनी व्यवस्था छ। तर स्थानीय तहले उक्त कानुनी व्यवस्था विपरीत औषधि खरिद गरेको जलेश्वरका नागरिक समाजका अगुवा मनोज नायकले बताए।

जिल्ला स्वास्थ्य कार्यालय महोतरीमा कार्यरत एक कर्मचारीका अनुसार स्थानीय तहका प्रमुख प्रमुख प्रशासकीय अधिकृत स्वास्थ्य शाखाका प्रमुखले मोटो रकम कमिशन पाउनकै लागि त्यसरी औषधि खरिद गरेको पाइएको बताउछन्।

हरेक वर्ष लाखौं रुपैयाँका औषधिहरू किनेका छन् ती कर्मचारीले भने पहिलेदेखि नै सेटिङ गरेको आपूर्तिकर्ताबाट औषधिहरू खरिद गर्नका लागि विशेष परि स्थिति भन्दै कोटेसनमा सोझै खरिद गर्ने, खरिद गरिसकेपछि औषधिहरू नआए पनि सबै रकम भुक्तानी गर्ने स्थानीय तहको तरिका नै हो।

पालिकालाई आवश्यक पर्ने औषधिमध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिणाम यकिन गरी वार्षिक आवश्यकताको परिणाम तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ।

आपूर्ति हुने औषधि वा अन्य सामानको उत्पादन मिति म्याद सकिने मिति ब्याच नम्बर उत्पादक कम्पनीको नाम निःशुल्क वितरणका लागिलगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ।

आपूर्ति भएको औषधिको म्याद सकिने मिति भण्डारण दाखिला समयदेखि कम्तीमा २ वर्ष बाँकी हुनुपर्दछ। भण्डारणमा दाखिला गर्दासमेत उल्लेखित सवै विवरण खुलाउनुपर्दछ औषधि व्यवसायी अमित कुमार साहले बताए।

उनका अनुसार नगरपालिकाले औषधि खरिद गर्दा आवश्यकता पहचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति गरेको समेत देखिएको छ।

आपूर्ति हुने औषधिसमेत देखिएको छैन। आपूर्ति हुने औषधि तथा औषधिजन्य सामग्रीमा उल्लेखित सूचना पूर्णरुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दातसमेत यकिन भएन पालिकाले आयात गरेको औषधिको स्पेशिफिकेसन अनुसार दाखिला गरेको तथा इन्सफेक्सन समेत नगरी बुझेकाले तोकेको गुणस्तरका औषधि आए नआएको यकिन गर्न सकिएको छैन।

नगरपालिकाले औषधि खरिद उपयोग र मौज्दातको अवस्था यकिन गरि औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्ने अधिवक्ता विकरु यादवले बताए।

हरेक वर्ष महालेखा परीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदनमा त्यस्तो अनियमितताको कुरा उल्लेख गरेको हुन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमै दर्जनौं उजुरी छन तर कुनै पनि कारबाही हुँदैन।

पालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत स्वास्थ्यशाखा प्रमुखहरुले सीमित औषधि सप्लायर्स बाहेक अरूलाई थाहै नदिइ पालिकाले सूचना प्रकाशित गरेका छन्।

जिल्लाका पालिकामा मिलेमतोमा गोप्य रूपमा हुने गरेको औषधि टेन्डर र ठेक्काविरुद्ध औषधी व्यवसायीले पटकपटक अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छानबिनका लागि उजुरी दिएका छन्। तर छानबिन प्रक्रिया अघि बढन नसकेको उनीहरूको गुनासो छ।

कागजी रूपमा रित पुर्‍याएर र सूचना लुकाएर यस्ता थुप्रै औषधि टेन्डर भएको पाइन्छ। पूरा दररेटमा मिलेमतोमा यसरी ठेक्का दिँदा त्यसको प्रत्यक्ष लाभ मिलेमतो गर्नेले लिइरहेका छन् औषधि व्यवसायी प्रदीप पाठकले भने घटाघटमा ठेक्का नदिँदा स्थानीय तहलाई आर्थिक भार परिरहेको छ।' सार्वजनिक खरिद ऐनअनुसार यस्ता मिलेमतोमा हुने गरेको ठेक्का रद्द गर्ने कानुनी व्यवस्था छ। जिल्लामा कहिल्यै नआउने पत्रिकामा टेन्डर प्रकाशित गरी अनियमितता भइरहेको उनले बताए। यस्तो टेण्डर ठेक्कापट्टाविरुद्ध अख्तियारबाट छानबिन हुनुपर्ने उनले माग गरे।

तर अख्तियारले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) बमोजिम औषधि खरिद गरिएको छ/छैन, रकम विनियोजन गरी कुन प्रक्रियाबाट कति औषधि खरिद भयो डब्लूएचओ सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नम्बर र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाइ औषधि व्यवस्थापन गरिएको हो/होइन भन्ने प्रश्न पनि अख्तियारले नगरपालिकाहरुलाई सोधेको थियो।

पालिकाका अनुसार चालु आव २०७९/८० मा औषधि खरिदको भुक्तानी दिने कार्य भइरहेको छ। चालु आव २०७९/८० का लागि पालिकाले आफ्नो स्रोतबाट औषधि खरिदका लागि रकम विनियोजन नै गरेन। आर्थिक वर्षको अन्त्यतिर कोटेसनमार्फत औषधि खरिद गर्ने चलन छ। कोटेसनबाट किन्दा कमिशन राम्रो आउँछ। त्यही लोभमा औषधि खरिदमा अहिले चासो देखाइएको छैन पालिकाको स्वास्थ्य शाखाका एक कर्मचारीले भने कोटेसनबाट औषधि खरिद गर्दा विश्व स्वास्थ्य संगठनले सर्टिफाइड गरेको बाहेकका औषधि खरिद गर्ने, म्याद गुज्रन कम समय रहेका औषधि किन्ने गरिन्छ। मनरा नगरपालिका निमित प्रमुख प्रशासकीय अधिकुत माघवेन्द्र चौधरीले सशर्त अनुदान अन्तर्गत रकम रहे पनि औषधि खरिदमा प्राय स्थानीय तहले ढिलाइ गरेको स्विकारे। आफूले टेण्डरमार्फत औषधि खरिद गरेको बताए।

स्थानीय स्वास्थ्यचौकीमा रुघाखोकीको औषधि लिन आउने विपन्न नागरिकको संख्या धेरै हुन्छ। सामान्य रुघाखोकीको औषधि सामान्य प्रकृतिका औषधिसमेत औषधि नहुँदा कार्यालयमा आउने जाने मात्र हुने गरेको जनाइएको छ।

# गर्मीका कारण चन्द्रपुरका विद्यालय थप दुई दिन बन्द

**आरके श्रीवास्तव**

चन्द्रपुर। रौतहटको चन्द्रपुर नगरपालिकाका विद्यालय दुई दिन बन्द गरिएको छ।

अत्यधिक गर्मीका कारण सो नगरपालिकाको विद्यालयहरू थप २ दिन बन्द हुने भएको छ।

चन्द्रपुर नगरपालिकाले बुधबार एक सूचना जारी गरी जेठ २६ गते शुक्रबार सम्मका लागि पुनः विद्यालयहरु बन्द रहने शिक्षा शाखा प्रमुख कृष्ण प्रसाद सिग्देलले जानकारी गराएका छन्।

यता जिल्लाको अन्य पालिकाहरुमा गर्मी अत्यधिक भएपछि गत जेठ १९ गतेदेखि २४ गते सम्म सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु बन्द गरेका थिए।

चन्द्रपुर नगरपालिकाले भने दुई दिन अझै बिदा दिइएको छ। गर्मी अत्यधिक बढेकाले विद्यार्थीहरु बेहोस हुन सक्ने देखिएपछि विद्यालयहरु बन्द गराएको प्रमुख सिग्देलले बताए।

विद्यालय खुले पनि अभिभावकहरू बच्चा पठाउने अवस्था नदेखिएपछि विद्यालय बन्द गराउने उनको भनाइ छ।

जिल्ला शिक्षा समन्वय इकाइ रौतहटका प्रमुख रामविनय कुमार सिंहसंग बुझ्दा जिल्लाको दुई पालिका गुजरा नगरपालिका र दुर्गाभगवती गाउँपालिकाले बिहान ९:३० बजे सम्म पालिका भित्रका बिधालयहरू सञ्चालनमा नै राखेको जानकारी गराए।

आफूहरूले जिल्लाका सबै पालिकाको नाममा एक हप्ता विद्यालय बन्द गर्न परिपत्र गरेको बताए।

यदि गर्मीको यस्तै अवस्था रही रह्यो भने आइतबार विपद् व्यवस्थापन समितिको बैठक बसी पुनः विद्यालयहरू बन्द गरिने उनले बताए।

जिल्लामा केही दिनदेखि तापक्रम बढेको छ। ४० डिग्रीदेखि ४३/४४ डिग्री सम्म तापक्रम मापन गरिएको छ। विगतका वर्षको तुलनामा रौतहटमा तापक्रम अत्यधिक बढेकोले बालबालिका, अशक्त, वृद्धवृद्धाहरुलाई घर बाहिर ननिस्कन चिकित्सकहरूले सुझाव दिएका छन्।

आवश्यकता

नेपाल पल्प एण्ड पेपर इण्डष्ट्रिज प्रा.लि.को जनकपुर स्थित मुख्य कार्यालयको लागि निम्नलिखित कर्मचारीको आवश्यकता भएकोले ईच्छुक नेपाली नागरिकलाई विज्ञापन प्रकाशित भएको मिति देखि १० दिन भित्र निम्न ठेगानामा आवेदन दिनु हुन सुचित गरिन्छ।

१) Account Manager - १२ वर्ष अनुभव भएको - १ जना
२) Account Officer - ५ वर्ष अनुभव भएको - १ जना
३) Purchase Officer - ५ वर्ष अनुभव भएको - १ जना

आवेदन गर्ने स्थान

नेपाल पल्प एण्ड पेपर इण्डष्ट्रिज प्रा.लि.को कार्यालय
वार्ड नं. ०१, भानु चौक, जनकपुर, धनुषा (हिमालय बैंक लि. माथि)
Whatsapp र फोन नं. : +९७७९८५४०२५०३१
इमेल : ho@nppil.com

सामाजिक सञ्जालको प्रयोग गर्दा सजगता अपनाऔं

- सामाजिक सञ्जालको पासवर्ड गोप्य राखौं।
- मोवाइल, कम्प्युटर, ल्यापटप जस्ता विद्युतीय उपकरण प्रयोग गरी सकेपछि अनिवार्य रुपमा लगआउट गरौं।
- कसैको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु (अपलोड गर्नु ) अघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव अस्वीकार गरौं।
- सामाजिक सञ्जालमा चिनजान भएको भरमा भेट्न बोलाएको ठाउँमा नजाऔं।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं।
- भ्रामक, आधिकारिकता नभएका सूचना, सन्देश, तस्वीर तथा भिडियो सेयर नगरौं, नगराऔं
- व्यक्तिको मर्यादा, सम्मान र प्रतिष्ठामा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट नगरौं।
- अशोभनीय तथा शंकास्पद संदेशको प्रतिवाद गरौं। उक्त सन्देश प्रमाणका लागि सुरक्षित राखौं।
- आफूलाई असुरक्षित महसुस भएमा तुरुन्तै प्रहरीलाई खबर गरौं।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८